# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३७ | काठमाडौं | शुक्रबार, १६ जेठ २०८२ | Prabhab National Daily | Friday, May 30, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट



- चालु आर्थिक वर्षको बजेटको तुलनामा ५.६ प्रतिशत तथा संशोधित बजेटको १८.२ प्रतिशतले ठूलो बजेट
- आर्थिक वृद्धिको लक्ष्य ६ प्रतिशत
- मुद्रास्फीति (मूल्यवृद्धि) ५.५ प्रतिशतमा सीमित गरिने
- आर्थिक सुधारले गति लिने र उच्च एवं दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा
- सबैभन्दा धेरै बजेट शिक्षामा, खेलकुदको बजेट दोब्बरले बढ्दा श्रमको आधा घट्यो
- वृद्धभत्ताको उमेर बढाइयो, कर्मचारीको तलब यथावत्

■ विविशा पौडेल

**काठमाडौं–** सरकारले स्रोत समितिको सिलिङलाई तोडेर अहिलेसम्मकै ठूलो आकारको बजेट ल्याएको छ । उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्ष (आव) २०८१/८२ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँको बजेट प्रस्तुत गरेका हुन् । जबकि, राष्ट्रिय योजना आयो गका उपाध्यक्ष संयोजक रहेको स्रोत समितिले १९ खर्बको सिलिङ दिएको थियो ।

स्रोतको दबावकाबीच अर्थमन्त्री पौडेलले बजेटको आकार बढाएका छन् । चालु आर्थिक वर्षको राजस्व लक्ष्यभन्दा बढी संकलन हुने तथ्यांक उनले बजेट भाषणका क्रममा प्रस्तुत गरे । त्यसबाट हौसिएर उनले आगामी बजेटमा राजस्वको लक्ष्य चालु आवको भन्दा ५५ अर्ब रूपैयाँले बढाएका छन् । वैदेशिक अनुदान चालु आवमा लक्ष्यअनुसार प्राप्त नहुने देखिएको छ । यद्यपि, अनुदान प्राप्तिको लक्ष्य बढाइएको छ ।

अर्थमन्त्री पौडेलले यथार्थपरक बजेट ल्याएको दाबी गरेका छन् । बजेट भाषणपछि सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले भने, 'स्रोत व्यवस्थापनको सीमाभित्र रहेर जनताको चाहना र राष्ट्रको आवश्यकता सम्बोधन हुने गरी यथार्थपरक बजेट ल्याएका छौं ।' बजेटले वित्तीय अनुशासन, मितव्ययिता र खर्च कटौतीलाई आत्मसात् गरेको उनको भनाइ छ । विगतका कमजोरीहरूलाई दोहोरिन नदिने र अर्थतन्त्रका चुनौतीहरू सामना गर्ने गरी बजेट प्रस्तुत भएको उनले जिकिर गरे ।

आगामी आवका लागि प्रस्तुत बजेट चालु आवको बजेटको तुलनामा ५.६ प्रतिशत तथा संशोधित बजेटभन्दा १८.२ प्रतिशतले ठूलो आकारको हो । चालु आव २०८१/८२ को बजेट १८ खर्ब ६० अर्ब ३० करोड रूपैयाँको हो, तर ८९.४ प्रतिशत अर्थात् १६ खर्ब ६२ अर्ब ३७ करोड रूपैयाँ मात्र खर्च हुने संशोधित अनुमान गरिएको अर्थमन्त्री पौडेलले बजेट भाषणको क्रममा जानकारी दिए ।

बजेटमा आगामी आवमा छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । यस्तै, मूल्यवृद्धि ५.५ प्रतिशतभित्र सीमित गरिने उल्लेख छ । आर्थिक वृद्धि र मूल्यवृद्धि दुवै लक्ष्य चालु आवकै बराबर हो । बिहीबार नै सार्वजनिक आर्थिक सर्वेक्षणअनुसार चालु आवमा ४.६ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरिएको छ । यस्तै चालु आर्थिक वर्षको चैतसम्म मूल्यवृद्धि ३.४ प्रतिशतमा सीमित रहेको अर्थमन्त्री पौडेलले उल्लेख गरे ।

### विकास बजेटको हिस्सा बढाइयो

अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षको बजेटमा विकास (पुँजीगत) खर्चको हिस्सा बढाइएको छ ।

क्रमशः पृष्ठ २ मा

## तथ्यांकमा बजेट

### कुन मन्त्रालयको बजेट कति ?

| | |
|---|---|
| शिक्षा, विज्ञान तथा प्रविधि | २ खर्ब ११ अर्ब १७ करोड |
| गृह मन्त्रालय | २ खर्ब ८ अर्ब ६२ करोड |
| भौतिक पूर्वाधार तथा यातायात | १ खर्ब ५२ अर्ब |
| सहरी विकास | १ खर्ब १८ अर्ब ३४ करोड |
| स्वास्थ्य तथा जनसंख्या | ९५ अर्ब ८१ करोड |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ | ८६ अर्ब १ करोड |
| रक्षा मन्त्रालय | ६२ अर्ब १ करोड |
| कृषि तथा पशुपन्छी विकास | ५७ अर्ब ४८ करोड |
| खानेपानी मन्त्रालय | ३३ अर्ब ८९ करोड |
| वन तथा वातावरण | १८ अर्ब ६१ करोड |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १३ अर्ब २८ करोड |
| उद्योग, वाणिज्य तथा आपूर्ति | १० अर्ब १४ करोड |
| परराष्ट्र मन्त्रालय | ७ अर्ब ८४ करोड |
| सञ्चार तथा सूचना प्रविधि | ७ अर्ब ७२ करोड |
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ७ अर्ब ४९ करोड |
| युवा तथा खेलकुद | ६ अर्ब ८ करोड |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४ अर्ब २८ करोड |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २ अर्ब ८ करोड |

### कुन क्षेत्रलाई कति बजेट ?

चालु : ११ खर्ब ८० अर्ब ९८ करोड
पुँजीगत : ४ खर्ब ७ अर्ब ८९ करोड
वित्तीय व्यवस्था : ३ खर्ब ७५ अर्ब २४ करोड

प्रदेश तथा स्थानीय तहमा
वित्तीय हस्तान्तरण: ४ खर्ब १७ अर्ब ८३ करोड

### बजेटको स्रोत

राजस्व : १३ खर्ब १५ अर्ब
वैदेशिक अनुदान : ५३ अर्ब ४५ करोड
वैदेशिक ऋण : २ खर्ब ३३ अर्ब ६६ करोड
आन्तरिक ऋण : ३ खर्ब ६२ अर्ब

### बजेटको विशेषता

- आर्थिक वृद्धिको लक्ष्य ६ प्रतिशत
- मुद्रास्फीति (मूल्यवृद्धि) ५.५ प्रतिशत

### बजेटका उद्देश्य

- उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने
- उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने
- आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने
- सामाजिक संरक्षण एवं विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने
- गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने

### बजेटका प्राथमिकता

- उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि
- प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार
- सामाजिक क्षेत्रमा गुणात्मक सुधार
- सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता
- नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार

## बजेटबारे कसले के भने ?

**काठमाडौं (प्रस)–** सरकारले बिहीबार संघीय संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा दुवैखाले प्रतिक्रिया आउन थालेका छन् । सत्तारुढ दलका नेताहरूले बजेटको समर्थन गरेका छन् भने प्रतिपक्षी दलका नेताहरूले बजेट अपेक्षित नआएको बताएका छन् । निजी क्षेत्रले भने बजेटको स्वागत गरेका छन् ।

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले बजेट विगतको एउटा निरन्तरताका रूपमा मात्र सीमित रहेको प्रतिक्रिया दिए । 'निरन्तरको प्रक्रियाभन्दा कुनै गुणात्मक परिवर्तन छैन । निजी क्षेत्रका माग केही हदसम्म सम्बोधन भएको भन्ने आएको छ, त्यो सकारात्मक छ,' उनले भने, 'स्रोतका हिसाबले भन्ने हो भने राजस्वको आम्दानी र खर्चको अवस्था हेर्दा दयनीय अवस्था छ ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# आधाले घट्यो श्रम मन्त्रालयको बजेट

■ ममता थापा

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट आगामी आर्थिक वर्षमा करिब आधा घट्ने भएको छ । अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसद्मा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को को बजेटमा श्रम मन्त्रालयलाई चालु आवको भन्दा आधामात्र बजेट विनियोजन गरेका हुन् ।

अर्थमन्त्रीले श्रम मन्त्रालयतर्फ चार अर्ब २८ करोड रूपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिए । जबकि, चालु आवमा यस मन्त्रालयको बजेट आठ अर्ब १० करोड रूपैयाँ रहेको छ । अर्थमन्त्री पौडेलले वैदेशिक रोजगारीमा जाने महिलाको कार्यस्थलको सुरक्षा र सेवा सुविधा सुनिश्चित हुनेगरी गन्तव्य मुलुकहरूसँग थप सम्झौता गरिने बताएका छन् । विदेशमा संकटमा परेका नेपालीलाई यथाशीघ्र उद्धारको प्रबन्ध मिलाइने विषय आगामी बजेटमा उल्लेख छ । वैदेशिक रोजगारीमा भएका नागरिकलाई बैंकिङ प्रणालीमार्फत रेमिटचान्स पठाउन प्रोत्साहन गरिने, गैरआवासीय नेपालीलाई दोस्रो बजारमा सेयर कारोबार गर्न अनुमति दिनेलगायत बजेटमा समेटिएका छन् ।

विदेशमा रहेका नेपाली नागरिकको हित, संरक्षणका लागि प्रभावकारी कूटनीतिक पहल गरिने बजेटमा उल्लेख छ । 'गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पहुँचलाई राष्ट्रिय विकासमा उपयोग गरिने छ,' अर्थमन्त्री पौडेलले भने ।



- आगामी आवका लागि चार अर्ब २८ करोड रुपैयाँ विनियोजन
- वैदेशिक रोजगारीबाट फर्किएकालाई सरल कर्जाको व्यवस्था
- विदेशमा संकटमा परे यथाशीघ्र उद्धार गरिने
- वैदेशिक रोजगारबाट फर्किएकालाई 'श्रमिकबाट उद्यमी कार्यक्रम' अन्तर्गत सहुलियतपूर्ण ऋण दिइने
- आन्तरिक रोजगारी प्रवर्द्धन सरकारको प्राथमिकतामा
- बैंकिङ प्रणालीमार्फत रेमिट्यान्स पठाउन प्रोत्साहन गरिने
- गैरआवासीय नेपालीलाई दोस्रो बजारमा सेयर कारोबार गर्न अनुमति दिने
- विदेशमा रहेका नेपाली नागरिकको हित, संरक्षणका लागि प्रभावकारी कूटनीतिक पहल गरिने

बजेटमा रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृति सरल ढंगबाट प्रदान गर्ने र सबै प्रदेशबाट अनलाइन माध्यमबाट श्रमसम्बन्धी सेवा प्रदान गर्ने जनाइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको ज्ञान र सीपको सदुपयोग गर्ने विषयलाई पनि प्राथमिकता दिइएको छ । 'वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको सीप, पुँजी र प्रविधिको उपयोग गरी स्वरोजगार प्रवर्द्धन र उत्पादन वृद्धि गर्न 'श्रमिकबाट उद्यमी कार्यक्रम' सञ्चालन गरिने छ । यसका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छु,' अर्थमन्त्री पौडेलले बजेट भाषणका क्रममा भने ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउँदै श्रम गन्तव्यको विविधीकरण गरिनेसमेत मन्त्री पौडेलले बताए । श्रम कूटनीतिको माध्यमबाट थप मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरिने बजेटमा उल्लेख छ ।

### आन्तरिक रोजगारी प्राथमिकतामा

आगामी बजेटमा आन्तरिक रोजगारीलाई विशेष प्राथमिकतामा राखिएको छ । बेरोजगारी समस्याको दिगो समाधान गर्न श्रम बजारको मागअनुरूप युवा जनशक्तिको सीप र दक्षता विकास गरिने अर्थमन्त्री पौडेलले बताए । सरकारले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि एक अर्ब ९९ करोड विनियोजन गरेको छ । रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रमबजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरिने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# यस्ता छन् बजेटमा नयाँ कार्यक्रम

- दुई वर्षभित्र मुलुकलाई चामलमा आत्मनिर्भर बनाउने
- तराई र भित्री मधेसका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धन गरिने
- बैंक, वित्तीय र सहकारी संस्थाबाट गरिने घरजग्गा रोक्का र फुकुवा अनलाइन प्रणालीमा
- जेन-जी पुस्तालाई उद्यमशील र व्यावसायिक बनाउन इन्कुवेसन सेन्टर सञ्चालन गरिने
- 'स्टार्टअप' उद्यमीलाई तीन प्रतिशत ब्याजदरमा ऋण दिइने
- 'अन द जब' तथा 'एपरेन्टसिप' कार्यक्रम सञ्चालन गरी स्वदेशी उद्योगमा जनशक्ति तयार गरिने
- उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्दै हप्तामा २० घण्टा कामको न्यूनतम ज्यालासहित 'कमाउँदै पढ्दै' कार्यक्रम सञ्चालन गरिने

## नारामा देखिएन अर्थमन्त्रीको मोह

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले यसपटक नारामा खासै मोह नदेखाएको पाइएको छ । चालु आर्थिक वर्षको बजेटमा नारैनारा रहेकोमा उनले यसपटक त्यसलाई तोडेर सीमित नारा मात्र समेटेका छन् ।

अर्थमन्त्री पौडेलले बिहीबार संसद्मा प्रस्तुत गरेको बजेटमा नारा एकदमै कम छन् । केही नाराले निरन्तरता पाएको छ । जस्तो: तत्कालीन नेकपा नेतृत्वको केपी शर्मा ओली सरकारकै पालामा तय भएको 'समृद्ध नेपाल, सुखी नेपाली'लाई यस पटक पनि निरन्तरता दिइएको छ । त्यस्तै कृषि र स्वास्थ्यमा एक-एक नारा राखिएका छन् ।

अर्थमन्त्री पोडेलले कृषि उत्पादन बढाएर मात्र सबल अर्थतन्त्र हुने भन्दै कृषिमा आधुनीकरण अर्थतन्त्रमा रूपान्तरणको नारा उल्लेख गरेका छन् । 'निरोगी नेपाल, स्वस्थ नेपाली' अर्को नारा छ । अरु सबै कार्यक्रममा उनले नारा नराखी कार्यक्रम राखेका छन् ।

■ जेबी योञ्जन

**काठमाडौं–** इतिहासकै सर्वाधिक ठूलो आकारको बजेट ल्याएको सरकारले केही नयाँ कार्यक्रम र योजना अघि सारेको छ । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसद्मा प्रस्तुत गरेको बजेटमा बाँझो जमिन बढेर कृषिजन्य उत्पादनमा परनिर्भरता बढिरहेको बेला सरकारले देशलाई दुई वर्षभित्र चामलमा आत्मनिर्भर बनाउने योजना ल्याएको हो । यसका लागि तराई र भित्री मधेसका २२ जिल्लामा चैते धान खेती प्रवर्द्धन गरिने सरकारको लक्ष्य छ ।

तथ्यांकलाई आधार मान्दा चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिना (साउनदेखि पुस)सम्ममै नेपालले विभिन्न देशबाट २७ अर्बको खाद्यन्न आयात गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### १९ खर्ब ६४...

गत आवमा पुँजीगततर्फको बजेट हिस्सा १८.९४ प्रतिशत रहेकोमा आगामी आवको बजेटमा २०.८ प्रतिशत पुऱ्याइएको छ । चालु खर्चको हिस्सा ६१.३१ प्रतिशतबाट घटाएर ६०.१ प्रतिशत बनाइएको छ । यस्तै, वित्तीय व्यवस्थातर्फको बजेट १९.१ प्रतिशत कायम गरिएको छ । यद्यपि, विकास निर्माणमा खर्च हुने बजेट चालु बजेटभन्दा अत्यधिक न्यून रहँदै आएको छ ।

आगामी बजेटको चालु शीर्षकतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँ बजेट विनियोजन गरेका अर्थमन्त्री पौडेलले पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८९ करोड रूपैयाँ छुटयाएका छन् । वित्तीय व्यवस्थातर्फ अर्थमन्त्रीले तीन खर्ब ७५ अर्ब २४ करोड रूपैयाँ विनियोजन गरेका छन् । अर्थविद्हरूले मुलुकको अर्थतन्त्र रूपान्तरणका लागि आवश्यक पुँजीगत बजेट बढाउन सुझाव दिँदै आएका छन् । तर, बर्सेनि विनियोजन हुने बजेटमा चालु र वित्तीय व्यवस्थातर्फ नै बढी बजेट छुटयाइने प्रवृत्ति छ । यस वर्ष भने थोरै परिवर्तन भएको पाइएको छ ।

#### राजस्वको महत्वाकांक्षी लक्ष्य

अर्थमन्त्री पौडेलले चालु आवमा लक्ष्यभन्दा बढी राजस्व उठ्ने उल्लेख गर्दै आगामी बजेटमा राजस्वको लक्ष्य महत्त्वाकांक्षी बनाएका छन् । उनले बजेटको स्रोतमा राजस्वबाट १३ खर्ब १५ अर्ब रूपैयाँ जुटाउने लक्ष्य राखेका छन् । यो चालु आवको तुलनामा ५५ अर्ब रूपैयाँभन्दा बढी हो । चालु आवमा राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड रूपैयाँ जुटाउने लक्ष्य राखेकोमा १७.१ प्रतिशतले बढेर १२ खर्ब ६७ अर्ब ३९ करोड रूपैयाँ राजस्व संकलन हुने संशोधित अनुमान सार्वजनिक गरेका छन् ।

यस्तै वैदेशिक अनुदानबाट प्राप्त हुने रकम पनि बढाइएको छ । आगामी बजेटमा वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड रूपैयाँ प्राप्त गर्ने बजेटको स्रोतमा उल्लेख छ । जबकि, यस्तो अनुदान घटेको तथ्यांक छ । चालु आवमा वैदेशिक अनुदान ५२ अर्ब ३३ करोड रूपैयाँ प्राप्त गर्ने लक्ष्य राखेकोमा ३४ अर्ब रूपैयाँमात्रै प्राप्त हुने संशोधित अनुमान गरिएको छ ।

अर्थमन्त्री पौडेलले बजेटको स्रोतमा उल्लेख गरेको ऋणको अंश ठूलो देखिएको छ । उनले राजस्व र वैदेशिक अनुदानबाट अपुग हुने पाँच खर्ब ९५ अर्ब ६६ करोड रूपैयाँ ऋणबाट जुटाउने उल्लेख गरेका छन् । जसमा दुई खर्ब ३३ अर्ब ६६ करोड रूपैयाँ वैदेशिक ऋण र तीन खर्ब ६२ अर्ब रूपैयाँ आन्तरिक ऋण लिइने अर्थमन्त्री पौडेलले बताए ।

ऋणको आकार ठूलो हुनु राम्रो नहुने अर्थविद्हरूको भनाइ छ । सरकारले चालु आवमा तीन खर्ब ३० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा हालसम्म तीन खर्ब ६० करोड रूपैयाँ उठाइसकेको तथ्यांक छ । यसरी आन्तरिक ऋण धेरै लिँदा उद्यम व्यवसायलाई असर गर्ने अर्थविद्हरू बताउँछन् ।

प्रदेश र स्थानीय तहलाई पाँच खर्ब ६७ अर्ब

संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट आगामी आर्थिक वर्ष पाँच खर्ब ८२ अर्ब ८३ करोड रूपैयाँ हस्तान्तरण हुने अनुमान गरिएको छ । चालु आवको बजेटमा यस्तो हस्तान्तरण पाँच खर्ब ६७ अर्ब रूपैयाँ अनुमान गरिएको थियो ।

'वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशका लागि ६० अर्ब ६६ करोड रूपैयाँ र स्थानीय तहका लागि ८८ अर्ब ९७ करोड रूपैयाँ हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु,' अर्थमन्त्रीले बजेट भाषणमा भने, 'ससर्त अनुदान प्रदेशका लागि ३० अर्ब ३५ करोड रूपैयाँ र स्थानीय तहका लागि दुई खर्ब ११ अर्ब ४६ करोड रूपैयाँ गरी जम्मा दुई खर्ब ४१ अर्ब ८१ करोड रूपैयाँ विनियोजन गरेको छु ।'

प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान क्रमशः तीन अर्ब २८ करोड रूपैयाँ र १० अर्ब छ करोड रूपैयाँ विनियोजन गरेका छन् । विशेष अनुदान प्रदेशका लागि तीन अर्ब २७ करोड र स्थानीय तहका लागि नौ अर्ब ७८ करोड रूपैयाँ विनियोजन गरिएको उनले बताए । यसैगरी प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट एक खर्ब ६५ अर्ब रूपैयाँ हस्तान्तरण हुने अनुमान छ ।

#### सबैभन्दा धेरै बजेट शिक्षामा

अर्थमन्त्री पौडेलले शिक्षा क्षेत्रका लागि सबैभन्दा धेरै बजेट विनियोजन गरेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत दुई खर्ब ११ अर्ब १७ करोड रूपैयाँ बजेट छुटयाइएको उनले बताए । शिक्षापछि गृह मन्त्रालयले दुई खर्ब आठ अर्ब ६२ करोड रूपैयाँ बजेट पाएको छ । विकासे आयोजनाको नेतृत्व गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत एक खर्ब ५२ अर्ब रूपैयाँ र सहरी विकास मन्त्रालयका लागि १ खर्ब १८ अर्ब ३४ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

खेलकुदको बजेट दोब्बरले बढ्दा श्रमको आधा घटचो

अर्थमन्त्री पौडेलले युवा तथा खेलकुद मन्त्रालयको बजेट दोब्बरले बढाउँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट आधाले नै घटाएका छन् । मन्त्री पौडेलका अनुसार खेलकुद मन्त्रालयलाई आगामी बजेटमा छ अर्ब आठ करोड रूपैयाँ छुटयाइएको छ । जबकि, चालु आवमा खेलकुदको बजेट तीन अर्ब ५० करोड रूपैयाँ रहेको छ । सरकारले आगामी आवमा खेलकुद पूर्वाधार विकासलाई प्राथमिकता दिएका कारण बजेट बढेको बताइएको छ ।

श्रम मन्त्रालयको बजेट आगामी आवमा चार अर्ब २८ करोड रूपैयाँमा सीमित गरिएको छ । यस मन्त्रालयको चालु आवको बजेट आठ अर्ब १० करोड रूपैयाँ रहेको थियो । अर्थमन्त्री पौडेलले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बजेट पनि घटाएका छन् । चालु आवमा ऊर्जाको बजेट ८७ अर्ब ५५ करोड रूपैयाँ रहेकोमा आगामी आवका लागि ८६ अर्ब एक करोड रूपैयाँ विनियोजन गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई करिब साढे नौ अर्ब रूपैयाँ बढाएर ९५ अर्ब ८१ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । चालु आवमा यस मन्त्रालयको बजेट ८६ अर्ब २४ करोड रूपैयाँ रहेको छ ।

आगामी आवको बजेटमा रक्षा मन्त्रालयलाई ६२ अर्ब एक करोड, कृषि तथा पशुपन्छी विकास मनत्रालयलाई ५७ अर्ब ४८ करोड, खानेपानी मन्त्रालयलाई ३३ अर्ब ८९ करोड, वन तथा वातावरण मन्त्रालयलाई १८ अर्ब ६१ करोड रूपैयाँ बजेट दिइएको छ । यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले १३ अर्ब २८ करोड, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले १० अर्ब १४ करोड, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सात अर्ब ७२ करोड, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सात अर्ब ४९ करोड, परराष्ट्र मन्त्रालयले सात अर्ब ८४ करोड र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दुई अर्ब आठ करोड रूपैयाँ बजेट पाएका छन् ।

#### उच्च एवं दिगो आर्थिक वृद्धिको आधार तय गर्ने अपेक्षा

अर्थमन्त्री पौडेलले प्रस्तुत बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति लिने र उच्च एवं दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गरेको बताए । 'यस बजेटले निजी लगानी अभिवृद्धि गर्न, आर्थिक क्रियाकलाप विस्तार गर्न, उद्यमशीलताको विकास गर्न र अर्थतन्त्रमा विविधीकरण ल्याइ रोजगारीको अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु,' उनले बजेट भाषणका क्रममा भने ।

साथै, राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्न सफलता मिल्ने उनको विश्वास छ । यसबाट अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता आउने अर्थमन्त्री पौडेलले दाबी गरेका छन् ।

अर्थमन्त्री पौडेलले बजेटमा पाँच उद्देश्य र पाँच प्राथमिकता उल्लेख गरेका छन् । पाँच उद्देश्यमा उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने, उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने, आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने, सामाजिक संरक्षण एवं विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने र गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने रहेका छन् ।

त्यस्तै, बजेटका पाँच प्राथमिकतामा उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता र नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार रहेका छन् ।

#### वृद्धभत्ताको उमेर बढाइयो, कर्मचारीको तलब यथावत्

सरकारले आगामी आवको बजेटमा वृद्धभत्ता पाउने उमेर बढाएको छ । उच्चस्तरीय आर्थिक सुधार आयोगको सुझावका आधारमा वृद्धाभत्ता पाउने उमेर ६८ बाट ७० कायम गरिएको अर्थमन्त्रीले जानकारी दिए । यद्यपि, यसअघि पाइरहेकाको भने कायम रहने उनले बताए । वृद्धभत्तालगायतका सामाजिक सुरक्षा भत्ताको रकम बढाइएको छैन । सामाजिक सुरक्षा भत्तामा दोहोरोपन हटाउने योजना सरकारले अघि सारेको छ ।

यसैगरी निजामती कर्मचारीको तलब यथावत् राखिएको छ । महँगी भत्ता भने पाँच हजार रूपैयाँ पुऱ्याइएको अर्थमन्त्री पौडेलले जानकारी दिए । चालु आवमा पनि कर्मचारीको तलब, भत्ता र अन्य सुविधा बढाइएको थिएन । तलब बढ्ने आशामा रहेका कर्मचारीलाई बजेटले यसपटक पनि निराश बनाएको छ ।

■■■

### बजेटबारे कसले...

निरन्तरतामा अहिलेको अर्थ व्यवस्था चल्न नसक्ने जनाउँदै पूर्वअर्थमन्त्री शर्माले त्यसका लागि अर्थतन्त्रको 'मोडालिटी' नै बदलेर उत्पादनमुखी अर्थतन्त्रमा जोड दिनुपर्ने बताए । 'अहिले त्यसमा जोड दिएको छैन । भन्सार र विप्रेषणमा होइन, आफ्नो उत्पादनमा निर्भर भएर देश चल्ने अवस्था नगर्दासम्म विकासले गुणात्मक फड्को मार्न सक्दैन,' उनले भने ।

जनजीविकाका सवाललाई प्रस्तुत बजेटले सम्बोधन नगरेको उल्लेख गर्दै उनले स्वास्थ्य, शिक्षा, रोजगारी यस बजेटमा ठोस् रूपमा नसमेटिएको प्रतिक्रिया दिए ।

पूर्वअर्थमन्त्री एवं नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बलियो सरकारबाट अपेक्षित बजेट नआएको प्रतिक्रिया दिए । उनले यो बजेटले आशा जगाउन नसकेको बताए । 'आकार ठूलो भयो । गत वर्षभन्दा एक खर्ब एक अर्ब ठूलो छ । संशोधित अनुमान हेर्दा झन् ठूलो आकारको आएको छ । छरिएर आएकोले के गर्न खोजेको भन्ने देखिएन,' पुनले भने ।

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ल्याएको बजेट सही दिशातर्फ नै उन्मुख रहेको बताए । बजेट भाषणपछि संसद् भवनमा प्रतिक्रिया दिँदै उनले भने, 'अनावश्यकरूपमा कनिका छरेजस्तो बजेट विनियोजन गर्ने प्रवृत्ति थियो । त्यसको कुनै प्रतिफल आउँदैनथ्यो । चार हजार आयोजना घटाउने भनिएको छ, तीन करोडको सीमा हामीले पहिला पनि भनेका थियौं । त्यसले सुधार ल्याएर परिणाम दिनसक्छ ।' नीति तथा कार्यक्रममा समेटिएका केही विषयहरू भने बजेटमा उल्लेख नभएको उनले बताए ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिका सभापति सन्तोष चालिसेले भने बजेट उत्कृष्ट आएको प्रतिक्रिया दिए । 'बजेट कार्यान्वयन कस्तो हुन्छ भन्नेमा सबैको चासो छ, समग्रमा कृषि र पर्यापर्यटन, ऊर्जालाई प्राथमिकतामा राखेर आएको बजेट युवा लक्षित छ । स्वास्थ्य क्षेत्र, रासायनिक मल, टनेलयातायात लागि समयसीमा तोकेर आएको बजेट राम्रो छ,' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद स्वर्णिम वाग्लेले यसपालिको बजेट गैरजिम्मेवार नभए पनि कार्यान्वयनमा शंका गर्ने खालको भएको प्रतिक्रिया दिए । 'यसलाई हामीले धेरै उत्ताउलो र गैरजिम्मेवार मानेका छैनौं,' संसद् भवनमा बजेटबारे प्रतिक्रिया दिँदै उनले भने, 'यद्यपि, विगत भूकम्पपछि एकदमै उकाले उकालो लागेर एकदमै ठूलो आकारमा बजेट फुक्ने अनि माघमा गएर सुकाउने रोगकोचाहिँ निरन्तरता हुन्छ कि भन्ने चिन्ता हामीलाई छ ।'

#### निजी क्षेत्रबाट बजेटको स्वागत

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेटमा महासंघले दिएका धेरै सुझाव समेटिएको बताए । 'निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ढंगबाट बजेट आएको छ, महासंघले लगानी प्रवर्द्धन, खनिज निकासीका सम्बन्धमा दिएका सुझावका धेरै बुँदा समावेश भएका छन्, लगानी बोर्डलाई शक्तिशाली बनाउन खोजिएको छ,' उनले भने ।

नेपाल चेम्बर्स अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले आफ्नो संस्थाले दिएका सुझाव बजेटमा समेटिएको प्रतिक्रिया दिए । उनले भने, 'यो बजेटलाई महत्त्वाकांक्षी रूपमै लिएको छु । निजी क्षेत्रले दिएका धेरै सुझाव र माग बजेटमा परेका छन् । अहिलेको विषम् परिस्थितिमा स्रोत बाँडफाँट प्रणाली राम्रो छ । राजस्व संकलनको प्रक्षेपण पनि ठिकै छ ।'

चेम्बरका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले निजी क्षेत्रले उठाएका धेरै कुरा समेटिएको र राम्रो बजेट आएको बताए । चेम्बरका पूर्वअध्यक्ष राजेन्द्र मल्लले बजेटले राजस्व संकलनमा कठिन देखिएको भए पनि समग्रमा आइटी क्षेत्रलाई समेटिएर आएको बजेट राम्रो रहेको प्रतिक्रिया दिए ।

■■■

### आधाले घट्यो...

त्यसैगरी मुलुकको श्रमबजारमा आवश्यक जनशक्तिको मागलाई पहिचान गरी विभिन्न कार्यक्रम गर्ने अर्थमन्त्रीले बताए । 'जनशक्तिको स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम परिमार्जन गरी 'अन द जब' तथा 'एपरेन्टसिप' कार्यक्रम सञ्चालन गरिने छ,' उनले भने, 'उद्योगका लागि आवश्यक पर्ने सीपयुक्त जनशक्ति आपूर्ति गर्न विश्वविद्यालय, प्राविधिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिने छ ।'

छ महिनाभन्दा कम अवधिका व्यावसायिक तथा सीप विकास तालिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र प्रदेशस्तरबाट सञ्चालन गर्दै तालिमको गुणस्तर सुनिश्चित गर्न पाठ्यक्रम तथा प्रयोगात्मक शिक्षणको एकीकृत मापदण्ड लागू गरिने प्रस्तुत बजेटमा भनिएको छ । निजी क्षेत्रका छाता संघसंठनसँगको सहकार्यमा सबै प्रदेशमा रोजगार मेला सञ्चालन गरिने अर्थमन्त्रीले बताए । मर्यादित श्रम अभ्यास, असल श्रम सम्बन्ध र उत्पादकत्व अभिवृद्धि गर्दै श्रमिकको हक हितको सुरक्षा गरिने जनाइएको छ ।

सबै नागरिकलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिने सरकारको योजना छ । 'नियमित आयआर्जन गर्ने व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समेट्दै लगिने छ,' अर्थमन्त्री पौडेलले भने, 'छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गरी समन्वयात्मक, दिगो र व्यवस्थित बनाइने छ ।'

बजेट प्रस्तुत गर्ने क्रममा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रिय परिचयपत्रलाई क्रमश अनिवार्य बनाइने बताइएको छ । संघिय सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रममा प्रदेश र स्थानीय तहबाट रकम थप गर्न र उस्तै प्रकृतिका कार्यक्रममार्फत दोहोरो सुविधा दिन नपाइने पनि अर्थमन्त्री पौडेलले बताए । सामाजिक सुरक्षा सुविधाको एकीकृत प्रतिवेदन प्रणाली विकास गर्दै सबै प्रकारका सामाजिक सुरक्षाभत्ताका लागि एक खर्ब नौ अर्ब रूपैयाँ विनियोजन गरिएको छ ।

■■■

### यस्ता छन् ...

कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्यांकअनुसार देशमा खेतीयोग्य १० लाख हेक्टर जमिन भने बाँझो छ । तर, अब तराई क्षेत्रमा भने चैते धान खेती प्रवर्द्धन कार्यलाई सरकारले बजेटमा समावेश गरेको हो । त्यसका लागि सिँचाइमा लगानी गर्ने सरकारले बजेटमा उल्लेख गरेको छ ।

यसबाहेक सरकारले बैंक, वित्तीय र सहकारी संस्थाबाट गरिने घरजग्गा रोक्का र फुकुवा अनलाइन प्रणालीबाटै मिलाइने भएको छ । सहकारीको पाँच लाख रूपैयाँसम्मको बचत निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत निक्षेप सुरक्षण गरिने भएको छ । रकम अपचलन गर्नेको सम्पत्ति लिलाम बिक्री गरी बचतकर्तालाई फिर्ता गर्ने कार्यलाई निरन्तरता दिने योजना छ । हाल कान्तिपुर सेभिङ, गोर्खा फाइनान्ससहित तीनवटा समस्याग्रस्त सहकारीको सम्पत्ति बिक्री गरी बचतकर्तालाई रकम धमाधम फिर्ता गराइरहेको छ ।

पहिलोपटक जेन-जी पुस्तालाई उद्यमशील र व्यावसायिक बनाउन इन्कुवेसन सेन्टर सञ्चालन गरिने भएको छ । 'स्टार्टअप' उद्यमीलाई तीन प्रतिशत ब्याजदरमा ऋण दिइने सरकारको नीति छ । यस्तै, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग खोले तनि वर्षको भाडा छुट दिइने भएको छ । विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रतिवर्गमिटर २० रूपैयाँबाट घटाएर पाँच रूपैयाँ कायम गरिने बजेटमा उल्लेख छ ।

जग्गाप्राप्ति र हदबन्दीसम्बन्धी कानुन पुनरवलोकन गरिने भएको छ । हदबन्दीले बिक्री रोकिएका हाउजिङ र अपार्टमेन्ट बिक्री गर्न दिइने भएको छ । लगानी सम्भावना भएका मुलुकसँग दोहोरो करमुक्ति सम्झौता गर्ने नीति सरकारले लिएको छ । लगानी भित्रचाइ नाफा लैजाने प्रक्रिया सहज पारिने भएको छ । विदेशी लगानीकर्तालाई शाखा कार्यालय वा आवासीय भवन वा अपार्टमेन्ट लिजमा पाउने व्यवस्थामा सरकार गएको छ । विदेशी कम्पनीलाई प्रविधि वा सेवा उपलब्ध गराएबापत नेपालीलाई स्वेट सेयर लिन पाउने व्यवस्था गरिने नयाँ व्यवस्था बजेटमा राखिएको छ ।


होटल र रिसोर्टलाई उत्पादनमूलक उद्योगसरह आयकर र विद्युत् महसुल छुट दिइने भएको छ । 'अन द जब' तथा 'एपरेन्टसिप' कार्यक्रम सञ्चालन गरी स्वदेशी उद्योगमा जनशक्ति तयार गरिने जनाइएको छ । उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्दै हप्तामा २० घण्टा कामको न्यूनतम ज्यालासहित 'कमाउँदै पढ्दै' कार्यक्रम सञ्चालन गरिने भएको छ ।

सातै प्रदेशमा मुटुरोग र क्यान्सर रोगको उपचार विस्तार र प्रत्येक प्रदेशमा कम्तीमा तीन विद्यालयमा स्पोर्ट्स एकेडेमी सञ्चालन गरिने भएको छ । विद्युतीय सवारी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई चार्जिङ स्टेसन तथा वर्कसप निर्माण गर्न आकर्षित गरिने र युवालाई २० लाख रूपैयाँसम्म सहुलियतपुर्ण ऋण प्रदान गर्ने योजना बजेटमा समावेश छ । बैंक तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न एसेट मेनेजमेन्ट कम्पनी स्थापना गरिने भएको छ । शैक्षिक बैंक स्थापना गरिने अर्को योजना सरकारको छ । ग्रिन ट्याक्सोनोमीको अवधारणा कार्यान्वयन गर्न नीतिगत र संरचनागत व्यवस्था मिलाइने भनिएको छ ।

गणित, विज्ञान र अंग्रेजी शिक्षकलाई सबै ठाउँमा उपलब्ध गराउन शिक्षक बैंक स्थापना गरिने अर्को नीति सरकारको छ । डिजिटल कारोबारमा मूल्यअभिवृद्धि कर (भ्याट) खारेज गर्ने भएको छ । त्यो भनेको एक रूपैयाँ ३० पैसा हो । बाँकी १० रूपैयाँ भने डिजिटल कारोकारमा कायमै राखिने भएको छ । यसअघि संसद्मा डिजिटल कारोबारलाई करविहीन बनाउन पटक-पटक रास्वपा सांसद निशा डाँगीले माग गरेकी थिइन् ।

---

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, १६ जेठ, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | सुखद समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ जेठ, २०८२ (३० मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.२८ | १३६.८८ |
| युरो | १ को | १५४.३२ | १५५.०० |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.७७ | १८४.५८ |
| स्विस फ्रैन्क | १ को | १६४.७२ | १६५.४४ |
| अस्ट्रेलियन डलर | १ को | ८७.७४ | ८८.१३ |
| क्यानाडियन डलर | १ को | ९८.५६ | ९८.९९ |
| सिङ्गापुर डलर | १ को | १०५.७८ | १०६.२४ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | १८.९५ | १९.०३ |
| साउदी अरब रियाल | १ को | ३६.३३ | ३६.४९ |
| कतारी रियाल | १ को | ३७.३९ | ३७.५६ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१० | ३७.२७ |
| मलेसियन रिङ्गेट | १ को | ३२.२६ | ३२.४० |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १४.१९ | १४.२५ |
| डेनिस क्रोनर | १ को | २०.६९ | २०.७९ |
| हङकङ डलर | १ को | १७.३९ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४४.०२ | ४४५.९८ |
| बहराइन दिनार | १ को | ३६१.४७ | ३६३.०६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# गणतन्त्र दिवसको उत्सव






१) १८औं गणतन्त्र दिवसको अवसरमा वीरगञ्जको गहवामाई मन्दिर प्रांगणमा दीप प्रज्वलन गरिँदै । पर्साका राजनीतिक दलहरु, नागरिक समाज र कार्यालय प्रमुखहरुको उपस्थितमा गरिएको हो ।
२) गणतन्त्र दिवसको अवसरमा बिहीबार साँझ प्युठान नगरपालिका दीप प्रज्वलन गरिँदै ।
३) गणतन्त्र दिवसको अवसरमा बिहीबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहमा नेपालको मौलिक संस्कृति झल्कने नृत्य प्रस्तुत गर्दै कलाकार ।
४) गणतन्त्र दिवसको अवसरमा कोशी प्रदेश सरकार, गणतन्त्र दिवस मूल समारोह समितिद्वारा बिहीबार विराटनगरमा निकालिएको प्रभातफेरीमा बाजा बजाउँदै नेपाल प्रहरीको ब्याण्डबाजा टोली ।

*तस्बिरहरू: रासस*

# स्वास्थ्य बिमा कार्यक्रम पुन:संरचना गरिने

**काठमाडौं (प्रस)–** स्वास्थ्य क्षेत्रमा आव २०८२/८३ का लागि ९५ अर्ब ८१ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । जुन कूल बजेटको ४.८७ प्रतिशत हो । चालु आवमा स्वास्थ्य मन्त्रालयले ८६ अर्ब २४ करोड रूपैयाँ बजेट पाएको थियो ।

संघीय संसद्को संयुक्त बैठकमा बिहीबार उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आव २०८२/८३ को राजस्व र व्ययको वार्षिक बजेट पेस गर्दै स्वास्थ्य बिमा कार्यक्रमलाई पुनर्संरचना गरिने उल्लेख गर्दै कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्वास्थ्य बिमाको दायरा विस्तार गरिने बताए ।

आगामी आवका लागि स्वास्थ्य बिमा कार्यक्रमलाई १० अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको छ । चालु आवमा स्वास्थ्य बिमा कार्यक्रमलाई सात अर्ब पाँच करोड रूपैयाँ बजेट छुटयाइएको थियो । बजेटमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई स्वास्थ्य बिमामा एकीकृत गरिने, बीमितहरूलाई फरकफरक पोलिसी छनोटको सुविधा उपलब्ध गराइने, बिमा सुविधाको दुरूपयोग हुन नदिन दोहोरोपन हटाइने र बीमितको सुविधा थैली क्रमश वृद्धि गरिँदै लैजाने उल्लेख छ।

साथै हालसम्म बाँकी रहेको भुक्तानी दाबी रकम तेस्रो पक्षबाट परीक्षण गराइ आर्थिक वर्षमै फरफारक व्यवस्था मिलाउँदै स्वास्थ्य बिमालाई सहज र सुधार बनाउने भनिएको छ। निर्माणाधीन आधारभूत अस्पतालको निर्माण सम्पन्न गर्न ११ अर्ब २४ करोड रूपैयाँ विनियोजन गरिएको छ। निर्माण सम्पन्न भएका अस्पतालहरूलाई स्थानीय तह र समुदायको सहकार्यमा सञ्चालन गरिने भनिएको छ।

गर्भवती, सुत्केरी तथा नवजात शिशुको जीवनरक्षाका लागि आमा सुरक्षा कार्यक्रम, सुनौला हजार दिन र विपन्न नागरिकका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्न १३ अर्ब ८२ करोड रूपैयाँ विनियोजन गरिएको छ ।


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/१६**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हितोमी इडुकेशनल कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आक्कोला जापानिज कन्सल्टेन्र्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आक्कोला जापानिज कन्सल्टेन्र्स** (**प्रा.लि.नं.**३०१५५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१६**

**देउली पब्लिक एकेडेमी**को मिति २०८२/०२/०७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जनता विद्या मन्दिर (दर्ता नं.: १३१०९९)** कायम गर्ने गरी मिति २०८२/०२/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# विद्यार्थीलाई दिवा खाजाका लागि १० अर्ब १९ करोड बजेट

**काठमाडौं (प्रस)–** सरकारले कक्षा ५ सम्मका विद्यार्थीलाई उपलब्ध गराइने दिवा खाजा कार्यक्रमको रकम वृद्धि गरी १० अर्ब १९ करोड रूपैयाँ विनियोजन गरेको गरेको छ । त्यसबाट २८ लाख विद्यार्थी लाभान्वित हुने सरकारको भनाइ छ ।

संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा बिहीबार उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिएको उल्लेख गरे । उक्त कार्यक्रमका लागि एक अर्ब २९ करोड रूपैयाँ विनियोजन गरिएको छ । कार्यक्रमबाट १३ लाख छात्रा लाभान्वित हुने छन् ।

'लक्षित समुदाय र विकट हिमाली जिल्लाका विद्यार्थीलाई प्रदान गरिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइने छ, मुसहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्ति प्रदान गरिने छ । छात्रवृत्तिका लागि दुई अर्ब ४४ करोड रूपैयाँ विनियोजन गरेको छु,' उनले भने ।

सरकारले सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकबापत संघीय सरकारबाट उपलब्ध गराइँदै आएको ससर्त अनुदान वृद्धि गरेको छ । त्यसका लागि १० अर्ब १६ करोड रूपैयाँ विनियोजन गरिएको छ । 'नेपाली मौलिकतामा आधारित शिक्षण सिकाइ प्रणाली विकास गरिनेछ, विद्यालय शिक्षामा भर्चुअल शिक्षण प्रणालीलाई उपयोग गरिने छ, शिक्षाको गुणस्तर वृद्धि गर्न डिजिटल सिकाइ पोर्टलको विकास गरिने छ, अपांगता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा पूरा गर्न छात्राबासको प्रबन्ध गरिनेछ, राष्ट्रिय नियमन मापदण्ड तयार गरी निजी विद्यालयसमेतको प्रभावकारी अनुगमन गरिने छ,' बजेट वक्तव्यमा भनिएको छ ।

गुरुकुल, गुम्बा, मदरसालगायत परम्परागत शिक्षण पद्दतिको विषयगत र शैलीगत विशिष्टता संरक्षण र प्रवर्द्धन गर्दै राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत तराई-मधेसमा एक हजार ५००, पहाडमा एक हजार र हिमालमा ५०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सरकारको योजना छ । त्यसका लागि दुई अर्ब ७२ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

'उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइने छ । उच्च शिक्षासम्बन्धी छाता ऐन निर्माण गरी विश्वविद्यालयको सञ्चालनमा एकरूपता कायम गरिने छ । अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृत्तिमा कमी ल्याउन र रोजगार बजारअनुसारको जनशक्ति विकास गर्न जोड दिइने छ । विश्वविद्यालयका विभाग एवं संकायहरूको पुनर्संरचना गरिने छ,' बजेट वक्तव्यमा भनिएको छ ।

विश्वविद्यालय अनुदान आयोगको पुनर्संरचना गरी उच्च शिक्षाको सुदृढ नियमनकारी निकायमा विकास गर्ने र विश्वविद्यालयहरूलाई विद्यार्थी संख्या, शैक्षिक गुणस्तर र पूर्वाधारको आवश्यकताका आधारमा अनुदान उपलब्ध गराउने पनि सरकारको योजना छ ।


**मोटरसाईकल हराएको सूचना**

मिति २०८२।०१।२८ गते दिउँसो ११:०० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं.०१, किष्ट अस्पताल नजिक पार्किङ गरिराखेको कालो रातो रङ्गको, हुलास अटो काफ्ट कम्पनीको १५० सि.सि. को पल्सर मोटरवाइक हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः** लिला बहादुर सुनुवार
**ठेगानाः** ओखलढुंगा
**दर्ता नः** बाग्मती प्रदेश ०२-०५१प ७६७०
**च्यासिस.नंः** MD2A11CX1RPC56519
**इन्जिन नं :** DHXPRB23018
**सम्पर्क :** 9741768396

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/१६**

**डोस्टेल लिभिङ्ग लर्निङ्ग सेन्टर प्रा.लि.** को मिति २०८२/०१/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **डोस्टेल भेन्चर्स प्रा.लि. (प्रा.लि. नं.: २३६४०५)** कायम गर्ने गरी मिति २०८२/०१/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**

**खाँडाचक्र नगरपालिका क्षेत्रभित्र अव्यबस्थित तिलाकर्णाली नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्रीरूपले ढुंगा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सात (७) दिने सूचना**

**(प्रथम प्रकाशित मितिः २०८१/०२/१६)**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | खाँडाचक्र नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, मन्मा, कालिकोट, कर्णाली प्रदेश |
| **प्रस्तावको व्यहोरा** | तिलाकर्णाली नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्रीरुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वडा** | कालिकोट जिल्ला खाँडाचक्र नगरपालिका वडा २ |
| **परामर्शदाताको नाम र ठेगाना** | Effective Engineering Solution, Pvt.Ltd., Lalitpur |

माथि उल्लिखित प्रस्ताव कार्यन्वयनबाट यस जनसमुदाय वा बाताबरणमा पर्न सक्ने भौतिक प्रभाव, रासायनिक, जैविक, सामाजिक तथासाँस्कृतिक र आर्थिक प्रभाव सम्बन्धी समग्र अध्यन यस नगरपालिकाबाट भइरहदा प्रतिवेदन सम्बन्धी सबैको राय, सल्लाह, सुझाब पेशको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम, ठेगाना र सम्पर्क** | खाँडाचक्र नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, मन्मा, कालिकोट, कर्णाली प्रदेश<br>☏ ०८७-४४००१२<br>E-mail :khandachakra.mun@gmail.com |
| **परामर्शदाताको नाम, ठेगाना र सम्पर्क** | Effective Engineering Solution, Pvt.Ltd., Lalitpur<br>E-mail : consultanteffective@gmail.com/surveyors.designers@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

**वालिङ नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा, गण्डकी प्रदेश, नेपाल

**योजना कार्यान्वयनको लागि बोलपत्र आव्हानको सूचना**

**(सूचना प्रकाशित मिति २०८२।०२।१६ गते)**

नगर कार्यपालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०८१/२०८२ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजना कार्यान्वयनको लागि पूर्वाधार निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/ कम्पनी/ निर्माण व्यवसायीले अधिकार पत्र व्यक्तिले दस्तखत गरेको चालु आ.व. २०८१/२०८२ को लागि नवीकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थानीय लेखा दर्ता नं एवं आयकर तथा मु.अ.कर (भ्याट) दर्ता प्रमाण पत्र साथै आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाण पत्र सो समेतको प्रमाणीत प्रतिलिपिको साथ तल उल्लेखित रकम (पछि फिर्ता नहुने) नेपाल बैंक लिमिटेड शाखा, वालिङमा रहेको Office Account No. sutrarevenue. fcgo.gov.np मा जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनीक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम)द्धारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ
२. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तीकामा उल्लेख भए बोमोजीमका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
३. बोलपत्र पुस्तीका तथा सूचनामा उल्लेखित मूल्याङकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैन् ।
४. बोलपत्र फारम भर्दा अंक अक्षर दुबैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता लिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्नेछ ।
५. बोलपत्र जमानत रकम नेपाल बैंक लिमिटेड शाखा, वालिङमा रहेको यस कार्यालयको धरौटी खाता न ०८३०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन सम्म म्याद भएको जमानत(Bid Security) समावेश भएको हुनु पर्नेछ ।अन्यथा बोलपत्र अयोग्य मानिने छ ।
६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि छाप गरि पेश गर्नु पर्नेछ ।बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्ने र बोलपत्र दाताको ग्राहयता (Eligibility) **प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुनु पर्ने छ ।**
७. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) समेत हुनेछ।अन्य जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५६०१२६५५ मा सम्पर्क गर्न सकिनेछ ।
९. **बोलपत्र फाराम खरिद/ दर्ता गर्ने समय-**

| बोलपत्र फारम खरिद गर्ने अन्तीम मिति | बोलपत्र दर्ता गर्ने अन्तीम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|
| २०८२।०३।१५गते समय१२.०० बजे । | २०८२।०३।१५ गते, समय १२.०० बजे । | २०८२।०३।१५गते समय २.०० वजे |

**१०. निर्माण कार्यको विवरण-**

| सि. न. | ठेक्का न. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ७/२०८१ /२०८२ | वडा कार्यालय भवन निर्माण कार्य वालिङ ११ | १,५०,००,०००.०० | ४१२५००.०० | ३०००.०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विपद् जोखिम न्यूनीकरण प्रभावकारी बनाऊ

जलवायु परिवर्तनको प्रभाव भोगिरहेको नेपालले बर्सेनि ठूला विपद्को सामना गर्नुपरेको छ । गत वर्ष भारी वर्षापछिको बाढीका कारण राजधानी तथा काभ्रे, सिन्धुलीलगायतका जिल्लामा ठूलो क्षति बेहोर्नुपऱ्यो । सोलुखुम्बुलगायत हिमाली जिल्लाहरूमा पनि त्यस्तै विपद्को सामना गर्नुपऱ्यो । यो वर्ष झन् धेरै विपद्को सामना गर्नुपर्ने पूर्वानुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभागले आगामी मनसुनमा गत वर्षभन्दा धेरै वर्षा हुने पूर्वानुमान गरेको हो ।

विभागका अनुसार यही जेठ १८ गतेबाट मनसुन सुरु हुँदै छ । उक्त मनसुन अवधि असोज १४ सम्म कायम रहने छ । गण्डकी तथा लुम्बिनी प्रदेशको उत्तरी भाग र कर्णाली प्रदेशको पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने विभागको भनाइ छ । हालै प्रधानमन्त्री केपी शर्मा ओलीले आशन्न मनसुनको पूर्वानुमान र सम्भावित विपद् जोखिम न्यूनीकरणका विषयमा विभाग पुगेर जानकारी लिएका थिए । यस वर्ष गत वर्षको भन्दा बढी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको अवस्थामा विभागको पूर्वानुमान/सूचना प्रवाह र यसलाई थप प्रभावकारी बनाइ जनधनको क्षति कसरी रोक्न सकिन्छ भन्नेबारेमा उनले चासो लिएको बताइएको छ ।

आगामी मनसुनको जोखिमबारे प्रधानमन्त्रीले चासो लिनु सकारात्मक कुरा हो । गत वर्ष राजधानीसहित काभ्रेपलाञ्चोकको विपद् हुँदा उनी विदेश भ्रमणमा थिए । त्यतिखेर सरकारको विपद्पछिको उद्धार कार्य कति कमजोर छ भन्ने उदांगो भएको थियो । राजधानीमै घण्टौंसम्म उद्धारको पर्खाइमा टहरामाथि बसेका नागरिकलाई बचाउन नसकेको घटनाले सरकारको कमजोरी प्रस्टयाएको हो । त्यतिखेर गृहमन्त्री रमेश लेखक निरीह देखिएका थिए । त्यही कुरा बुझेर होला, प्रधानमन्त्रीले आगामी मनसुनबारे चासो लिएको ।

विपद् कुनबेला आउँछ, थाहा हुँदैन । तर, सरकारलाई विपद् जोखिमको बारेमा जानकारी नभएको हुँदै होइन । विपद् जोखिमबारे जानकार भएर पनि पूर्वतयारी प्रभावकारी बनाउन सकेको छैन । उसो त विपद् जोखिम न्यूनीकरणका नाममा विभिन्न कार्यक्रम, गोष्ठी गरिन्छ । प्रधानमन्त्री, मन्त्रीलगायतले भाषणमा राम्रै कुरा गर्छन् । तर जब विपद् आउँछ, त्यो बेला फेरि कमजोरी दोहोऱ्याउँछ । आगामी मनसुन मुलुकका लागि झन् जोखिमपूर्ण हुने पूर्वानुमान सार्वजनिक भइसकेको छ । लाखौं मानिस प्रभावित हुने आकलन सरकारकै निकायले सार्वजनिक गरिसकेको छ । अब सरकारले यसलाई सामान्यरूपमा लिने गल्ती नगरोस् । जोखिम न्यूनीकरण गर्न तत्काल प्रभावकारी कदम चालोस्, अनिमात्र प्रधानमन्त्रीको अनुगमन र निर्देशन अर्थपूर्ण हुने छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# न्यायालयलाई उत्तरदायी बनाउने दायित्व कसको ?



■ भक्तबहादुर खत्री

> प्रधानन्यायाधीशलाई जवाफदेही, पारदर्शी र जिम्मेवारपूर्वक काम गर्नका लागि स्थानमा राख्ने निकाय हो, प्रतिनिधिसभा । जसले प्रधानन्यायाधीशले नीति निर्माण गरी कार्यान्वयन गरी न्यायालयलाई पारदर्शी तथा जिम्मेवारपूर्वक काम गर्न सक्ने र न्यायपालिकाले गर्ने कामको जवाफदेही लिन सक्षम न्यायालय बनाउन नसकेमा प्रतिनिधिसभाले महाअभियोग लगाउन सक्छ । त्यस्ता काम गर्न नसक्ने, जिम्मेवारीबाट पन्छिने, जवाफदेही र पारदर्शी किसिमले न्यायालयलाई काम गर्न सक्षम नबनाउने प्रधानन्यायाधीशउपर नेपालको संविधानको धारा १०१ (१) बमोजिम महाअभियोग प्रस्ताव पारित गरेर पदच्यूत गर्न सक्नुपऱ्यो ।

नेपालको संविधानको धारा १२९ मा प्रधानन्यायाधीशको व्यवस्था र धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था गरिएको छ । सर्वोच्च अदालत र प्रधानन्यायाधीशको बारेमा यस कारणले यहाँ उल्लेख गर्न लागिएको छ कि न्यायसम्बन्धी अधिकारको प्रयोग वा न्याय प्रशासनको सञ्चालन वा न्याय प्रदान गर्ने काम अदालतहरूबाट गरिने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १२८(२) मा व्यवस्था गरिएको छ । साथै, संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने कुरा यसै धारामा उल्लेख छ । न्याय सम्पादनको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालतहरू र अन्य न्यायिक निकायहरूलाई समेत न्याय प्रशासनको क्रममा वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण गरी आवश्यक निर्देशन दिनसक्ने संवैधानिक व्यवस्था गरिएको कुरा धारा १२८(३) मा छ ।

साथै, सर्वोच्च अदालतले आफू र आफ्ना मातहत अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही गरी सजाय गर्ने अधिकार हुने छ भनी यही धारा १२८(४) मा उल्लेख गरिएको छ । यसरी हेर्दा १) एकातिर व्यवस्थापनमा निरीक्षण गरी सम्पूर्ण अदालत र न्यायिक निकायहरूलाई आवश्यक निर्देशन दिने अधिकार छ भने अर्कोतर्फ अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा अवहेलनामा कारबाही चलाउने अधिकार भएकोले न्याय प्रशासन सञ्चालन गर्ने अदालतको संरक्षकको रूपमा सर्वोच्च अदालत रहेको कुरामा कुनै द्वितीय रहेन ।

न्याय प्रशासनलाई चुस्त जनमुखी र सक्षम व्यक्तिद्वारा न्याय सम्पादन गराउनसम्म सर्वोच्च अदालतले आवश्यक भूमिका खेल्न सक्ने भएकोले न्याय प्रणालीमा देश, काल, परिस्थिति अनुकूल लोकतान्त्रिक प्रक्रियाद्वारा जनमुखी न्याय प्रशासन बनाउन सर्वोच्च अदालतको महत्त्वपूर्ण भूमिका रहने कुरामा दुईमत देखिँदैन । यसरी संविधानले सर्वोच्च अदालतलाई न्याय प्रशासन सञ्चालन गर्ने निकायमा सबभन्दा उच्च स्थानमा राखेको र यसले चाहेमा न्याय प्रशासनलाई तत्कालै परिवर्तन गर्नसक्ने निकायको रूपमा राखेको देखिन्छ ।

यस्तो अदालत नेपालमा एउटामात्र रहेको कुर ासमेत नेपालको संविधानको धारा १२८ मा उल्लेख गरिएको छ । त्यस्तै धारा १३६ मा सर्वोच्च अदालत र मातहतका अदालत विशिष्टीकृत अदालत र अन्य न्यायिक निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशको हुने छ भनिएको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भन्दा न्यायालयमा बिचौलियाको बोलवाला भयो, न्यायालयद्वारा कानुनविपरीत फैसला वा अन्तिम आदेशहरू आउन लागे कसैको प्रभावमा परेर वा अनुचित प्रभाहमा परी न्यायाधीशबाट कानुनविपरीतका आदेश वा फैसलाहरू आउन लागे र निश्चित व्यक्तिहरूको कारणबाट न्यायालय दूषित हुन लाग्यो भने त्यस्तो अवस्थामा प्रधानन्यायाधीशले न्यायालयमा प्रवेश गरेका दुषित तत्वहरूलाई समाप्त पार्नका लागि आवश्यक कदम चाल्न सक्ने एकलौटी अधिकार संविधानको यो धाराले प्रधानन्यायाधीशलाई प्रदान गरेको देखिन आउँछ । न्यायालयप्रति जनताको नकारात्मक भावना वृद्धि हुँदै गएमा त्यसको एकमात्र जिम्मेवार संविधानतः प्रधानन्यायाधीश हुने कुरा परिकल्पना संविधानमा गरिएको छ । जसले गर्दा न्याय सम्पादनको कामभन्दा पनि न्याय प्रशासनलाई चुस्त र प्रभावकारी बनाउन भूमिका निर्वाह गर्नुपर्ने दायित्व प्रधानन्यायाधीशको देखिन्छ ।

न्याय सेवा आयोग र न्याय परिषद्मा अध्यक्षको रूपमा रहने प्रधानन्यायाधीश संवैधानिक परिषद्मा सदस्यको रूपमा रहने संवैधानिक व्यवस्था छ । प्रधानन्यायाधीश न्याय सम्पादन गर्न न्यायाधीशको रूपमामात्र नरही सम्पूर्ण देशको न्याय प्रशासनको एकमात्र केन्द्रबिन्दुको रूपमा रहेको पद देखिन्छ । उच्च र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्तिदेखि उनीहरूलाई आवश्यक कारबाही गरी खराब आचरण र कार्यदक्षताको अभाव न्यायाधीशमा देखिएमा तत्काल आवश्यक बयान लिएर पदमुक्त गर्नेसम्मको अधिकार न्यायपरिषद्को अध्यक्षको हैसियतले प्रधानन्यायाधीशमा रहेको पाइन्छ । नेपालको संविधानको धारा १४९ (६) ग र धारा १४९ (७) मा र धारा १४२(१) ग र (२) मा उल्लेख गरिनुले प्रधानन्यायाधीशलाई कार्यसम्मको अधिकार रहेछ भन्ने प्रस्ट हुन्छ ।

जिल्ला अदालत र उच्च अदालतका न्यायाधीशहरूको कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो आचरणको पालना नगरेको, बदनियतपूर्वक काम कारबाही गरेको वा निजले पालना गर्नुपर्ने आचारसंहिताको गम्भीर उल्लंघन गरेको आधारमा न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूलाई बयान लिएर तत्काल कारबाही अगाडि बढाउन र बर्खास्तीसम्म गर्ने अधिकार प्रधानन्यायाधीशलाई संविधानले प्रदान गरेकोले, न्यायालयमा न्यायाधीशले घुस खाए, न्यायमा मनपरी गरे अर्थात् कानुनबमोजिम न्याय गर्ने क्षमता नै रहेन छ भन्नेजस्ता विषयहरू जनमानसमा आउनु र अदालतले राम्रो न्याय गरेनन् भन्ने जनगुनासो आउने अवस्थाको सिर्जना, यदि प्रधानन्यायाधीशले संविधानबमोजिम काम गरेमा न्याय प्रशासनप्रति जनगुनासो कुनै आउने सम्भावना देखिँदैन । न्यायालयप्रति कसैले आवाज उठाएमा अवहेलनामा कारबाही गर्ने भनी जनतालाई त्रासमा राख्नुपर्ने अवस्था नै आउँदैन । यदि प्रधानन्यायाधीशले संविधानबमोजिम आफ्नो अधिकार निर्वाधरूपमा प्रयोग गरेर जाने हो भने 'न्याय नपाए नेपालको अदालतमा जानु' भन्ने नारा संसारभरि फैलिने छ । जसरी इतिहासमा न्याय नपाए गोर्खा जानु भन्ने भनाइ राम शाहको न्याय व्यवस्थाको प्रभावको कारण भएको थियो, त्यस्तै २१औं शताब्दीमा नेपालका न्यायालयको हुने छ ।

न्याय परिषद्मा न्यायाधीशउपर परेका उजुरीकोमात्रै छानबिन राम्रोसँग गरेर बदनियतपूर्वक इन्साफ गर्ने, खराब आचरणका न्यायाधीशलाई कारबाही गरेको खण्डमा न्याय क्षेत्रमा शुद्धता अति नै चाँडो हुने छ । प्रधानन्यायाधीश न्याय सेवा आयोगकोसमेत अध्यक्ष रहने संवैधानिक व्यवस्था रहेको पाइन्छ । न्याय सेवा आयोग भनेको के हो भन्ने सम्बन्धमा नेपाल सरकारले संघीय सेवाको राजपत्रांकित श्रेणीको कर्मचारीलाई सरुवा र विभागीय कारबाही गर्ने अधिकार यो आयोगलाई भएको कुरा नेपालको संविधानको धारा १५४ मा उल्लेख गरिएको छ । यस आधारमा अधिकृत वा सोभन्दा माथिल्लो दर्जाको न्याय सेवाका कर्मचारीहरूलाई विभागीय कारबाही गर्दा नेपाल सरकारले यही आयोगको सिफारिसमा गर्ने कुरा यही धारामा उल्लेख छ ।

उल्लिखित तह र सोभन्दा माथिल्लो दर्जाको कर्मचारीलाई कानुनविपरीत काम गरेको वा आफ्नो जिम्मेवारी पूरा गर्ने सिलसिलामा कुनै लापरवाही वा बदनियतपूर्वक काम गरेको देखिएमा सो उपर आवश्यक कारबाही गर्नका लागि सिफारिस गर्ने अधिकार यो आयोगलाई भएको र आयोगको अध्यक्ष हुने भएकोले न्याय क्षेत्रको सुधारका लागि प्रधानन्यायाधीशको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । न्याय क्षेत्रमा भएका विकृति विसंगतिहरूबाट प्रधानन्यायाधीश उम्कन वा अरुलाई देखाएर उम्कनसक्ने अवस्था देखिँदैन । संवैधानिकरूपमा नै समग्र न्याय क्षेत्रको प्रमुखको रूपमा रहने प्रधानन्यायाधीशलाई न्यायक्षेत्र सुधार गर्ने मुख्य जिम्मेवार व्यक्तिको रूपमा रहनेगरी स्थान दिएको र न्याय क्षेत्रमा देखिएका हरेक विकृतिको जवाफदेही प्रधानन्यायाधीश हुनुपर्ने संविधानले बनाएको देखिन्छ । त्यसैले न्याय क्षेत्र सुदृढ, सक्षम र विवादरहित बनाउनका लागि प्रधानन्यायाधीशको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

न्यायपालिकामा यस्तो महत्त्वपूर्ण भूमिका रहेको प्रधानन्यायाधीशको नियुक्ति र यिनलाई पदबाट कसरी हटाउन सकिन्छ अर्थात् यिनीबाट काम हुन सकेन, न्यायपालिकालाई पारदर्शी, जिम्मेवार र जवाफदेही बनाउन नसकिए त्यसको जवाफदेही प्रधानन्यायाधीश हुने कुरामा माथि उल्लिखित विभिन्न संविधानका धाराहरूले संवैधानिकरूपमा प्रधानन्यायाधीशले त्यसको जवाफदेहिता लिनुपर्ने कुरामा कसैको विमति नहुन सक्छ । यस्तो न्याय क्षेत्रको महत्त्वपूर्ण पदमा आसिन प्रधानन्यायाधीशलाई कसले जवाफदेही बनाउन सक्छ ? यदि प्रधानन्यायाधीश आफ्नो जिम्मेवारी बहन गर्न नसकेमा वा नगरेमा र न्याय क्षेत्र जनताप्रति जवाफदेही र जिम्मेवार बनाउन उनी असक्षम भएमा वा बदनियतपूर्वक नगरेमा यसको जवाफदेही प्रधानमन्त्री र प्रतिनिधिसभा हुने कुरा यही नेपालको संविधानमा उल्लेख गरिएको छ । पहिला हेरौं प्रधानन्यायाधीशको नियुक्ति सम्बन्धमा: प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्ले गर्ने कुरा नेपालको संविधानको धारा १२९(२)मा उल्लेख गरिएको छ । यो परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने छ भन्ने कुरा संविधानको धारा २८४(१) मा उल्लेख गरिएको छ । प्रधानमन्त्रीले यस्तो महत्त्वपूर्ण पदमा आसिन गराउने व्यक्तिको नियुक्ति गर्दा क्यालिबर व्यक्तिलाई गर्ने गर्नुपऱ्यो र प्रधानमन्त्रीसमेत क्यालिबर हुनुपऱ्यो । देशलाई समृद्ध, सभ्य र शक्ति सम्पन्न बनाउने योजना भएको र त्यस्तो नीतिको निर्माण गरी कार्यान्वयन गर्न सक्षम व्यक्ति प्रधानमन्त्री हुनुपऱ्यो । यसैगरी लोकतान्त्रिक प्रक्रियाद्वारा जनमुखी न्याय प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने नीतिहरूको निर्माण गरी त्यसलाई कार्यान्वयन गरी उन्नत, निष्पक्ष र सक्षम न्यायपालिका बनाउन सक्षम व्यक्ति प्रधानन्यायाधीश हुनुपऱ्यो ।

प्रधानन्यायाधीशलाई जवाफदेही, पारदर्शी र जिम्मेवारपूर्वक काम गर्नका लागि स्थानमा राख्ने निकाय हो, प्रतिनिधिसभा । जसले प्रधानन्यायाधीशले नीति निर्माण गरी कार्यान्वयन गरी न्यायालयलाई पारदर्शी तथा जिम्मेवारपूर्वक काम गर्न सक्ने र न्यायपालिकाले गर्ने कामको जवाफदेही लिन सक्षम न्यायालय बनाउन नसकेमा प्रतिनिधिसभाले महाअभियोग लगाउन सक्छ । त्यस्ता काम गर्न नसक्ने, जिम्मेवारीबाट पन्छिने, जवाफदेही र पारदर्शी किसिमले न्यायालयलाई काम गर्न सक्षम नबनाउने प्रधानन्यायाधीशउपर नेपालको संविधानको धारा १०१ (१) बमोजिम महाअभियोग प्रस्ताव पारित गरेर पदच्यूत गर्न सक्नुपऱ्यो । तबमात्र न्यायालय जनताप्रति जवाफदेही र जिम्मेवार भएर काम गर्ने छ । यसरी प्रधानमन्त्री र प्रतिनिधिसभासमेत जनता र देशप्रति उत्तरदायी भएमा मात्र न्यायालय उत्तरदायी हुने कुरामा दुईमत नहोला ।

*(लेखक अधिवक्ता हुन्)*

# गणतन्त्रको विकल्प छैन



■ शारदा भट्ट

तीनै तहका सरकारहरूले भ्रष्टाचार अन्त्यका लागि विशेष अभियान नै सञ्चालन गर्नुपर्छ । यसका लागि समन्वयात्मक काम गर्नुपर्छ । एकले अर्कोलाई दोष दिएर उम्कन मिल्दैन । गरिबी छ, वैदेशिक ऋण पनि छ । यस्तो अवस्थामा भ्रष्टाचार हुन्छ भने समाज के होला ? जनताले तिरेको कर हिनामिना गरिनुहुन्न । सबैभन्दा पहिला देशबाट भ्रष्टाचार अन्त्य गर्नुहोस् । भ्रष्टाचार रोक्न सकेमात्र देश उँभो लाग्छ, देशको विकास हुन्छ । सदाचारलाई हामी सबै मिलेर प्रवर्द्धन गरिनुपर्छ ।

सुगम भनिए पनि कैलाली सुदूरपश्चिमको एउटा पिछडिएको जिल्ला हो । यहाँ बसोबास गर्ने थारु, चौधरी, दलित र महिलालगायत सबै जनतामा शिक्षा, स्वास्थ्य र रोजगारीको समस्या छ । सुदूरपश्चिमलाई अझै पर्याप्त बजेट विनियोजन गरिँदैन । अन्य प्रदेशका तुलनामा सुदूरपश्चिममा अत्यन्त न्यून बजेट विनियोजन हुन्छ । कैलालीमा महिला बढी समस्यामा परेका छन् ।

ज्येष्ठ नागरिकलाई समाज र राष्ट्रले उच्च सम्मान गर्नुपर्छ । अहिले बदलिँदो सामाजिक संरचनाका कारण ज्येष्ठ नागरिकले अपहेलित भएको महसुस गर्न थालेका छन् । पहिलो कुरा भनेको छोराछोरीले नै आफूलाई जन्म दिने बाबुआमाप्रतिको जिम्मेवारी पूरा गर्नुपर्छ । सन्तानलाई नै आमाबाबुप्रति जिम्मेवार बनाउनुपर्छ । सन्तान नै नभएको खण्डमा भने राज्यले उनीहरूको व्यवस्थापन गर्नुपर्छ । बाँचुञ्जेल भएको सम्पत्ति सबै बाबुआमाकै नाममा हुनुपर्छ । यदि सम्पत्ति भएन भने सन्तानले बाबुआमालाई नहेर्ने चलन पनि छ । सरकारले अलिकति भए पनि भत्ता दिएर बूढाबूढीलाई राहत भएको छ । भत्ता बूढेसकालको सहारा भएको छ । यो राज्यले राम्रो गरेको छ ।

हाम्रो जमानामा महिला अधिकार भन्ने थाहै थिएन । अहिले भने महिलाले धेरै अधिकार पाएका छन् । हामीले राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश, उपसभामुख, राष्ट्रियसभाको उपाध्यक्ष, मन्त्री, सांसद, मेयर र उमपेयर पाएका छौं । यसलाई महिलाले अधिकार नपाएकै हो भन्न सकिन्न । तर महिलाको हकअधिकारको निम्ति धेरै काम गर्नुपर्ने छ । अझै धेरै संघर्ष गर्नुपर्ने छ । महिलाभित्र पनि टाठाबाठाले अधिकारको बढी उपभोग गरेका छन् । जसले पाउनुपर्ने हो, उसले पाउन सकेको छैन । महिलाभित्र पनि समानरूपमा अधिकारको बाँडफाँट हुन आवश्यक छ ।

अहिले संविधान संशोधनको चर्चा चुलिएको छ । तर के विषयमा संशोधन गर्ने भन्ने कुरा आएको छैन । अहिल्यै पनि संविधानमा जनताका धेरै विषयवस्तु समावेश भएका छन् । अझै केही अधिकार संशोधनमार्फत सम्बोधन गर्नुपर्ने छ ।

काम गर्न विदेश जाने युवालाई रोक्नका लागि देशमा भएका सबै कलकारखाना सञ्चालन गर्नुपर्छ । नेपालमा भएका कलकारखाना कहाँ गए भन्नेबारेमा पनि खोजी हुनुपर्छ । यो खोजी कुनै पनि सरकारले गर्न सकेको छैन । मेरो जानकारीमा नेपालमा कुनै दिन ३० वटाभन्दा बढी कलकारखाना र उद्योग थिए । ती सबै अहिले कहाँ गए ? अहिले देशभित्र काम नपाएपछि नेपाली युवा विदेशमा श्रम बेच्न बाध्य छन् । यो कुरालाई सरकारले सम्बोधन गर्नुपर्छ । यसरी नै युवा विदेसिने क्रम बढ्दै गयो भने देशको विकास कसरी हुन्छ ? प्रत्येक गाउँ युवाविहीन भइरहेका छन् । पहाडका घरहरू खाली हुन थालेका छन् । यो गम्भीर विषय हो ।

देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गइसकेको छ । अब फेरि राजा ल्याउने भन्ने कुरा हुँदैन । हामीले लामो समय राजतन्त्र पनि हेरेकै हो । त्यसैले अहिलेकै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुधारेर लैजानुपर्छ । तर नेताले जनताको पक्षमा राम्रो काम गर्नुपर्छ । देश एउटा गतिमा अगाडि बढिसकेको छ । सरकारले पनि समृद्ध नेपाल सुखी जनताको निम्ति काम गरिरहेको छ । जनता निरास हुनुपर्ने अवस्था छैन । अब विस्तारै जनताको अवस्थामा पनि परिवर्तन आउँछ । देशमै रोजगारीको सिर्जना हुन्छ । सबैभन्दा उत्तम व्यवस्था गणतन्त्र हो । यो हामीले लडेर ल्याएको हो । तर जनतालाई व्यवस्था मात्रै दिएर पुग्दैन । उनीहरूलाई त्यहीअनुसारको सेवा सुविधा पनि दिनुपर्ने हुन्छ ।

राष्ट्रिय सभाको सदस्य भएको पाँच वर्ष भयो । अब आउँदो फागुनमा मेरो कार्यकाल सकिँदै छ । राष्ट्रिय सभा एउटा सम्मानित सभा हो । यो सभासम्म आइपुग्ने सदस्यहरू लामो संघर्ष गरेर आउनुभएको छ । त्यस अर्थमा पनि यो सभा परिपक्व र अनुभवीको सभा हो । राष्ट्रिय सभामा आउने सदस्यले देश र जनताको निम्ति केही न केही योगदान गरेरै आएका छन् । मेरो अनुभवमा राष्ट्रिय सभाले संविधानभित्र रहेर आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेकै छ । आफ्नो काम, कर्तव्य नियमपूर्वक पालना गरेकै छ । सांसदको कामै कानुन निर्माण गर्ने हो । यो भूमिका पनि राष्ट्रिय सभाले निर्वाह गर्दै आएको छ ।

*(राष्ट्रिय सभा सदस्य भट्टसँग राससले गरेको कुराकानीमा आधारित)*




**गणतन्त्र दिवसमा प्रभातफेरी** | गणतन्त्र दिवसको अवसरमा बिहीबार म्याग्दीको बेनीमा आयोजित प्रभातफेरीमा सहभागीहरू ।

*तस्बिर: सन्तोष गौतम/रासस*

# ‘गणतन्त्र जनताद्वारा चुनिएको उन्नत व्यवस्था’

■ प्रभाव संवाददाता




**गण्डकी–** गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले गणतन्त्र जनताका लागि जनताद्वारा नै चुनिएको उन्नत व्यवस्था भएकाले यसको रक्षा गर्नु सबैको जिम्मेवारी रहेको बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा बिहीबार पोखरामा आयोजित गणतन्त्र दिवस मूल समारोहमा उनले गणतन्त्र शासन प्रणालीको परिवर्तन मात्र नभई सोच, चेतना र जिम्मेवारीको ऐतिहासिक रूपान्तरण पनि भएको बताए ।

‘हामीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने यात्रामा महत्त्वपूर्ण पाइला चालेका छौं । संघ, प्रदेश र स्थानीय सरकार मिलेर सामाजिक न्याय, समावेशिता, सुशासन, विकास र समृद्धिको दिशामा अगाडि बढ्ने प्रण गरेका छौं,’ प्रदेश प्रमुख भट्टले भने । कुनै पनि विभेद, हिंसा र असहिष्णुता लोकतान्त्रिक मूल्यविरुद्ध हुने बताउँदै उनले सहिष्णुता, सहकार्य र सम्वादलाई सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याए ।

सोही समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गणतन्त्रलाई संस्थागत गर्दै राज्य संरचना र नेतृत्वलाई जनउत्तरदायी, पारदर्शी र सहभागितामूलक बनाउन सम्बद्ध पक्षको साझा दायित्व रहेको बताए । ‘गणतन्त्रको सार जनताको सर्वोच्चतामा निहीत छ, नागरिक अधिकारको सुनिश्चितता, शासकीय पारदर्शिता, जवाफदेहिता, समावेशिता र विधिको शासन गणतन्त्रका मेरुदण्डा हुन्,’ उनले भने, ‘गणतन्त्र दिवसले हामी सबैलाई सामाजिक न्याय, आर्थिक समानता, विकास र समृद्धिको मार्गमा एकजुट भएर अघि बढ्न प्रेरित गर्दछ ।’

मुख्यमन्त्री पाण्डेले ठूलो संघर्ष र बलिदानबाट प्राप्त संविधानको रक्षा तथा कार्यान्वयनका लागि गणतन्त्रवादी शक्ति सबै एकठाउँमा उभिनुपर्ने धारणा राखे । ‘गणतन्त्रको सार्थक कार्यान्वयनका लागि शिक्षा, स्वास्थ्य, खाद्यसुरक्षा, सरसफाइ, स्वच्छ खानेपानी, पूर्वाधार, रोजगारी, वातावरण संरक्षण र सामाजिक सुरक्षालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्नु आजको मुख्य चुनौती हो,’ उनले भने । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले गणतन्त्र जनमुखी शासन व्यवस्था रहेकाले यसको रक्षार्थ गणतन्त्रवादी शक्तिहरूबीचको एकता र सहकार्यमा जोड दिए । ‘नेपाली जनताको अथक प्रयास, त्यास र बलिदानबाट गणतन्त्र प्राप्त भएको हो, संविधानको कार्यान्वयनमार्फत अहिलेको व्यवस्थालाई थप सुदृढ र जनमुखी बनाउनु जरुरी छ,’ उनले भने ।

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले गणतन्त्रप्रति सारा नेपालीको अपनत्व रहेको बताए । ‘गणतन्त्र जनताले लडेर ल्याएको हो, लोकतन्त्रविरुद्ध धावा बोल्ने कोसिस कसैले नगरे हुन्छ, अब राजतन्त्र फर्कन सम्भव छैन, प्रतिगामी हर्कतहरूलाई गणतन्त्रवादीहरू मिलेर सशक्त प्रतिवाद गर्नुपर्छ,’ उनले भने । संविधान र व्यवस्थाभन्दा माथि कोही नरहेको उल्लेख गर्दै उनले राजतन्त्र ल्याउने सपना नदेख्न राजवादीहरूलाई चुनौती दिए ।

गण्डकी प्रदेशसभा विपक्षी दलका नेता हरिबहादुर चुमानले जनयुद्ध र संयुक्त जनआन्दोलनको बलमा गणतन्त्र आएको बताए । ‘अहिलेको व्यवस्था ल्याउन हजारौंको रगत, पसिना बगेको छ, संविधानले व्यवस्था गरेबमोजिम जनतालाई परिवर्तनको अनुभूति दिलाउन सक्नुपर्छ,’ उनले भने, ‘गणतन्त्र पक्षधरहरू एक हुनु जरुरी छ ।’ समारोहमा विभिन्न सांस्कृतिक झाँकी तथा नृत्य प्रस्तुत गरिएको थियो ।

# ‘गणतन्त्रको संस्थागत विकास गर्नु सबैको साझा दायित्व’

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले गणतन्त्रको संस्थागत विकास गर्नु हामी सबैको साझा दायित्व भएको बताएका छन् । कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा बिहीबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित १८औं गणतन्त्र दिवस समारोहलाई सम्बोधन गर्दै उनले नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानपछि प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संस्थागत विकास र रक्षा गर्नु सबैको साझा सरोकार र कर्तव्य भएको बताए ।




‘व्यक्तिको जन्मका आधारमा श्रेष्ठता प्रदान गरिने र शासनसत्ता सम्हाल्ने प्रणालीको अन्त्य गरी हरेक नागरिक समान हुन पाउने हक र अधिकार प्राप्त भएको ऐतिहासिक दिन हो, गणतन्त्र दिवस,’ मुख्यमन्त्रीले भने, ‘महिला व्यवस्थापिका, न्यायपालिका र राष्ट्रप्रमुख भइसकेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्दतिको यो सुन्दर पक्ष हो ।’

नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका नेता एवं पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले गणतान्त्रिक व्यवस्थाले हरेक नागरिकको जीवनस्तर माथि उठेको जिकिर गरे । उनले भने, ‘विगतमा हप्तौं, महिनौं समय लगाएर पुग्ने गन्तव्यको हाम्रो यात्रा आज घण्टामा छोटिएको छ । गणतन्त्रको स्थापनापछि कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातलगायत क्षेत्रमा विकास भएको छ ।’ उनले हरेक सरकार प्रमुखसँग नागरिकले भेटी खुलेरै समस्या राख्न सक्ने व्यवस्था विगतमा भन्दा सुधार भएको दाबी गरे ।

कर्णाली प्रदेशकी सभामुख नन्दा गुरुङले महिला, दलित, पिछडिएको, उत्पीडित वर्गलाई राज्यको मूलधारमा ल्याई विभिन्न निकायको प्रमुख बनाउने र समान अधिकार प्रदान गर्ने गणतान्त्रिक व्यवस्था रहेको उल्लेख गरिन् । संविधान, संघीयता, समावेशिता र सामाजिक न्यायसहितको व्यवस्था र पद्धति जोगाउनु सबै रूपान्तरणकारी शक्तिको अभिभारा रहेको उनको भनाइ छ ।

नेकपा माओवादी केन्द्र कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले यो व्यवस्थामाथि टिकाटिप्पणी र प्रश्न उठ्नुमा राजनीतिक नेतृत्व र राष्ट्रसेवकको कमजोरी रहेको बताए । नेपाली जनताको त्याग, समर्पण र बलिदानबाट प्राप्त उपलब्धिका विरुद्ध लाग्नेमाथि गणतन्त्र पक्षधर एकजुट भएर अघि बढ्नुपर्ने उनको भनाइ छ ।

समारोहमा कर्णाली प्रदेशका विभिन्न जिल्लामा विपद्मा ज्यानको पर्वाह नगरी नागरिकको खोज, उद्धार तथा पुनःस्थापनामा संलग्न भएर प्रशंसनीय काम गर्ने प्रहरी निरीक्षक धर्मेन्द्र खड्का, हवल्दार प्रेमबहादुर चुनारा, नेपाली सेनाका प्युठ विजय कोइराला, केवल कटुवाल र सशस्त्र प्रहरी हवल्दार धनबहादुर पुनलाई जनही ३० हजार रूपैयाँ विपद् साहसिक पुरस्कारले सम्मान गरिएको थियो ।

# लेक लाग्ने यात्रीलाई सुरक्षा व्यवस्था

**रसुवा–** गंगा दशहरा पर्वअन्तर्गत बुधबारदेखि सुरू भएको गोसाइँकुण्ड मेलामा आउने तीर्थयात्रीका लागि आवश्यक उद्धारको व्यवस्था मिलाइएको छ ।

समुद्र सतहबाट चार हजार ३८० मिटर उचाइमा अवस्थित पवित्र तीर्थमा आउने यात्रीलाई बेत्रावतीबाट गोसाइँकुण्डसम्म विशेष सुरक्षा व्यवस्था मिलाउनुका साथै लेक लागेर बिरामी परेका यात्रीलाई उद्धारको समेत व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले बताए । तीर्थ जाँदा लेक लाग्ने समस्यामा परेका बिरामीका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका सुरक्षा निकायले उद्धार गर्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

विगतको तुलनामा यस वर्ष भक्तजनको आगमन बढिरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । तीर्थका लागि निस्केका एक हजारभन्दा बढी यात्री बुधबार साँझ चन्दनबारी पुगेका र ती यात्री बुधबार बिहानैदेखि लौरी विनायक उकालो उक्लदै गरेका लाङ्टाङ राष्ट्रिय निकुञ्जले जनाएको छ ।

यात्रीका लागि काठमाडौंको बालाजुबाट धुन्चेसम्म बस, हाइसलगायत यात्रीवाहक सानाठूला सवारीसाधन सञ्चालनमा आएकाले धार्मिक यात्रामा सवारीसाधनको अभाव नहुने यातायता व्यवसायीले बताएका छन् । धुन्चेबाट माथि लागेपछि खन्ति, देउराली, चन्दनबारी, चोलाङ्पाटी, लौरी विनायक र गोसाइँकुण्ड क्षेत्रमा होटल तथा लज अनुगमन गरिसकेको जनाउँदै प्रजिअ पौडेलले आगन्तुक तथा धार्मिक यात्रीलाई सुलभ रूपमा सेवा प्रदान गरिदिन व्यवसायीलाई अनुरोध गरिएको बताए ।

उकालो हिँड्दा अप्ठ्यारो हुने यात्रीका लागि चन्दनबारीमा घोडाकोसमेत व्यवस्था भएकाले गोसाइँकुण्डसम्म पुग्न सहज वातावरण पाइएको तीर्थयात्रीले बताएका छन् । चिकित्सकबाट स्वास्थ्य परीक्षण गराइ तीर्थमा निस्कन र धार्मिक मार्गमा कुनै समस्या परेमा गस्तीमा रहेका प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी वा जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयमा सम्पर्क राख्न प्रजिअ पौडेलले अनुरोध गरे । *रासस*

# रोशी आधारभूत अस्पतालले पायो अस्थायी भवन

**धुलिखेल (काभ्रेपलाञ्चोक)–** रोशी गाउँपालिका-१ फलामेसाँघुमा निर्मित अस्थायी भवन बुधबार गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । निर्माणाधीन १० शयचाको आधारभूत अस्पतालको भवन गत असोजमा आएको बाढीपहिरोले बगाएपछि विश्व स्वास्थ्य संगठन, नेपालको सहयोगमा निर्माण गरिएको आधारभूत अस्पतालको अस्थायी भवन गाउँपालिकालाई हस्तान्तरण गरिएको हो ।



विश्व स्वास्थ्य संगठनका नेपाल प्रमुख डा. राजेश संभाजीराव पाण्डवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीलाई उक्त भवन हस्तान्तरण गरेका हुन् । प्रवक्ता डा. बुढाथोकीले बुधबार रोशी गाउँपालिकालाई औपचारिकरूपमा भवन हस्तान्तरण गरे । स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुखसमेत रहेका उनले गत असोजको बाढीपहिरोले रोशी गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा सबैभन्दा बढी क्षति पुऱ्याएपछि विश्व स्वास्थ्य संगठनसँगको सहकार्यमा अस्थायी अस्पताल भवन निर्माण गरी हस्तान्तरण गरिएको बताए ।

संविधानले आधारभूत स्वास्थ्य सेवा मौलिक हकका रूपमा निःशुल्क दिनुपर्ने र आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित गर्न पाइँदैन भनेर गरेको व्यवस्थालाई पूरा गर्न सरकार प्रयासरत उनको भनाइ छ । विपद्को समयमा भौतिक संरचनामा क्षति भएमा वैकल्पिक हेरचाह क्षेत्र तयार गर्नेगरी सरकारले नयाँ व्यवस्था ल्याउने तयारी गरिरहेको उल्लेख गर्दै प्रवक्ता बुढाथोकीले रोशीमा निर्माण गर्नुपर्ने अस्पताल भवनका लागि जग्गा व्यवस्थापनको निर्णय गरेर पठाएपछि स्थायी भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन हुने जानकारी दिए ।

विपद् कहाँ र कतिबेला जान्छ भन्ने कसैलाई थाहा नहुने भएकाले त्यसलाई रोक्न नसके पनि जनधनको क्षति कम गर्न सकिने भएकाले स्थानीय सरकारले मनसुनको पूर्वतयारी र प्रतिकार्य गर्नुका साथै आवश्यक गोदामघर निर्माण गर्नुपर्नेमा जोड दिए ।

विश्व स्वास्थ्य संगठनका नेपाल प्रमुख डा. संभाजीराव पाण्डवले संघ र प्रदेश सरकारको समन्वयमा यहाँका प्रभावित क्षेत्रलाई मध्यनजर गरी अस्थायी भवन तयार गरेर हस्तान्तरण गरिएको बताए । उक्त अस्पताल भवनबाट सो क्षेत्रका आमनागरिकले सहजरूपमा सेवा लिनसक्ने विश्वस्त व्यक्त गरे । उनले स्थानीयको क्षमता अभिवृद्धि र तालिम सञ्चालनका लागि आवश्यक सहयोग गर्न विश्व स्वास्थ्य संगठन तयार रहेको बताए ।

रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले करिब ९० प्रतिशत निर्माण सम्पन्न भइसकेको अस्थायी अस्पताल भवन बाढीले बगाएर क्षति पुऱ्याएपछि रोशी आधारभूत अस्पतालबाट प्रवाह भइरहेको सेवालाई निरन्तरता दिन विश्व स्थास्थ्य संगठनको सहयोगमा निर्मित भवन सहयोगी हुने भन्दै खुसी व्यक्त गरे । यसअघि भवन बगाएपछि ‘वन हर्ट वल्डवाइड’ नामक संस्थाले तत्कालका लागि दुईवटा त्रिपाल दिएपछि सोही त्रिपालबाट सेवा प्रदान गर्दै आएकामा आगामी दिनमा सुविधासम्पन्न भवनबाट सेवा दिन पाइने बताए । प्राप्त भवनबाट सो क्षेत्रका नागरिकलाई सेवा लिनका लागि उनले आग्रह गरे ।

भवन हस्तान्तरण कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख रागीश्री कक्षपति श्रेष्ठ र रोशी गाउँपालिकाका उपाध्यक्ष मीमबहादुर वाइबाले आ-आफ्नो धारणा राखेका थिए । विश्व स्वास्थ्य संगठन नेपालको ४५ लाख रूपैयाँ सहयोगमा सुविधासम्पन्न पाँच शयचाको अस्थायी भवन निर्माण गरी औषधिजन्य उपकरणसहित पालिकालाई हस्तान्तरण गरिएको हो । *रासस*

**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ LT. No. 324628 चलानी नं. ६०२३८७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 800 | २९,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २३ गते (6th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Jobs Hunts Manpower Pvt. Ltd. (PAS INTERNATIONAL PVT. LTD.)
Tokha-10, Samakhushi, Kathmandu, Tel: +977-1-4981422, 4981322
Email: gulfjobshuntsnepal@gmail.com, www.gulfjobshunts.com.np
LIC No. 872/066/67

**युएइमा रोजगार** कम्पनी : SOVA SPA LADIES SALOON

पूर्व स्वीकृति मिति : २०८१/११/१५ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/१५ LT. No. 319421 चलानी नं. ६०२३३६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५५,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MANICURIST | 0 | 1 | 1500 | ५५,७७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २३ गते (6th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**कुवेतमा रोजगार** कम्पनी : HINT SALON CO FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८०/०७/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१५ LT. No. 293608 चलानी नं. ६०२१२५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 0 | 2 | 95 | ४२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 5 | 150 | ६६,७६५ | | | | | | | |
| 3 | Manicure & Pedicure | 0 | 5 | 150 | ६६,७६५ | | | | | | | |
| 4 | MASSAGE THERAPIST | 0 | 2 | 150 | ६६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २३ गते (6th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# प्रभाव दैनिक

शुक्रबार, १६ जेठ, २०८२ (Friday, May 30, 2025)


रूपशाला

### रेखा थापाको नाटक 'मिरा' पोस्टपोण्ड

रेखा थापा अभिनित नाटक 'मीरा' पोस्टपोण्ड भएको छ । बिहीबारको असहज राजनितीक परिस्थितीका कारण हामीले आजको लागि तय गरिएको 'कान्तिपुर थिएटर' को उद्घाटन तथा नाटक 'मीरा' को प्रिमीयर दर्शक, कलाकार तथा अतिथीहरुको सुझाव र सुरक्षालाई मध्यनजर गर्दै हाललाई स्थगित गरिएको जनाइएको छ । 'हामी अत्यन्तै दु:खी र क्षमाप्रार्थी छौं, दर्शकहरुले प्रतिक्षा गर्नुभएको कार्यक्रममा आज सहभागी हुन सक्नु भएन, अब हाम्रो नाटक घरको उद्घाटन र 'मीरा' को मञ्चन यही आउँदो सोमबार (जेठ १९ गते) हुनेछ ।



# के घर के डेराः घर नं २
# वर्तमान नेपालको अर्थ–सामाजिक चित्र




■ प्रभाव संवाददाता

**काठमाडौं–** घर सम्झँदा तपाईंको मनमा के आउँछ ? न्यानोपनको आभास दिने थलो, हाँसो खुसीसँगै खिलखिलाउँदो परिवार । अपनत्व अनि नचाहिँदो अनुशासनभन्दा पर शान्त संसार, शान्तिको संसार ।

अब भाडामा बस्दाखेरीको अवस्था सोचौं: किचकिचे घरबेटी भए ? कडा नियम भए ? त्यहाँ बिस्तारै हराउँदै जाने व्यक्तिगत स्वतन्त्रता । भित्ताहरू पनि भाग लगाएर बस्नुपर्ने अवस्था । त्यो घर, घर जस्तो कहाँ रहला ?

निर्देशक तथा लेखक बुद्धिसागरले प्रस्तुत गरेको नयाँ नेपाली चलचित्र 'के घर के डेरा: घर नम्बर २' ले यिनै दुई विरोधाभासपूर्ण अनुभूतिबिचको द्वन्द्वमा हामीलाई डुबाउँछ ।

बुद्धिसागरको 'कर्णाली ब्लुज', 'फिरफिरे' र 'उसले दिएको उमेर' जस्ता उपन्यासले नेपाली साहित्यमा अमिट छाप छोडिसकेको छ । उनै बुद्धिसागर अब पर्दामा आउँदा पनि उस्तै गहिरो कथा लिएर आएका छन् ।

यो फिल्म नाकाबन्दी र कोरोना महामारीपछिको नेपाली समाजलाई आधार बनाएर निर्माण गरिएको छ । जहाँ केवल देश मात्र होइन, मानिसको आन्तरिक संसार पनि फेरिँदै छ । पुन:निर्माण, पुन:सम्बन्ध, अनि आफ्नोपनको अभाव पुर्न परिभाषा खोजिरहेको छ ।

'रौनक निवास' चलचित्रको मूल थलो । घरबेटी र डेरावालको साझा छानो । जहाँ बस्नेहरूको मन त्यही छानामुनि भए पनि दिशा र दृष्टिकोण फरक फरक छन् । यहाँ पुस्तागत टकराब छ । सपना र यथार्थको द्वन्द्व छ । अनि विगतको पीडा र भविष्यको अनिश्चितता पनि ।

त्यही घरमा आइपुग्छन् राजाराम – बहुप्रतिभाशाली अभिनेता खगेन्द्र लामिछाने । उनी नायक होइनन्, न उद्धारकर्ता नै । तर उसले सहजै सबैको सुनिदिन्छ, बुझिदिन्छ र सहजै अरूको जीवनमा उज्यालो फिँजाइदिन्छ । उनी त्यो घरको मान्छे होइनन् । तर भत्किएका सम्बन्धहरूको मौन औषधी हुन् जसको उपस्थितिले चर्केको घर विना दाग टालिदिन्छ । 'रौनक' अर्थात् उज्यालो भन्ने अर्थ बोकेको घर वास्तवमा त्यस्तै एउटा पात्रको प्रतीक्षामा थियो जसले भित्रैबाट उज्यालो ल्याउन सक्थ्यो ।

घरलाई घर बनाउन सजिलो छैन भन्ने कुरा फिल्मले निकै सजिलो तर सशक्त ढंगले देखाउँछ । बैंकको ऋण, दैनिक द्वन्द्व, वृद्ध बुवा आमाको बेवास्ता, अनि मौन पीडाहरू घरलाई घर हुन नदिने तत्वहरू । जब हामी आफ्नोपन गुमाउँदै जान्छौं । हामी भाडामा त बस्छौं, तर भित्री रूपमा निर्वासित हुन्छौं ।

आर्यन सिग्देल, नेपाली सिनेमा जगतमा एक समय 'प्रेमी पात्र'को पर्याय बनेका चकलेटी अभिनेता । यो चलचित्रमा रौनकको रूपमा पूर्णतः परिपक्व बनेर उभिएका छन् । प्रेमिल मुस्कानभित्र लुकेको जिम्मेवारी, अभावबीच बाँच्ने चाहना, अनि दायित्वको गह्रौं बोझ, यी सबै आयामहरू उनले अभिनयमा अद्भुत रूपमा प्रस्तुत गरेका छन् ।

यो चलचित्रसँगै आर्यनले नेपाली सिनेमामा आफ्नो दोस्रो चरणको सुरुवातको संकेत दिएका छन् । लाग्छ उनी अझ गहिरो, आत्मपरक र दर्शकसँग भावनात्मक रूपमा जोडिने किसिमको पात्रका रूपमा आफूलाई स्थापित गर्दै छन् ।

'के घर के डेराः घर नम्बर २' केवल एउटा चलचित्र मात्र नभई समसामयिक नेपाली सहरको चित्र हो । जहाँ घरहरू केवल इँटाले बनेका हुन्छन् । आत्मीय जोड बिना । जहाँ मान्छेहरू सँगै बाँच्छन्, तर मन अलगअलग हुन्छ ।

बुद्धिसागरको कथा र संवादमा अभिनेताहरूको जीवन्त अभिनय, र पलपलमा महसुस हुने दार्शनिक गहिराइ, सबैले यो चलचित्रलाई आफ्नै अनुभूति बनाइदिन्छ । 'फिल्म भन्दा बढी अनुभूति' ।

चलचित्रले कुनै निश्चित उत्तर दिन खाज्दैन । बरु, प्रश्न खडा गरिदिन्छ, 'तपाईंको घर साँच्चिकै घर हो त ?' किनभने सायद, हामी सबै हाम्रो आफ्नै 'रौनक निवास' खोज्दै छौं । एउटा यस्तो ठाउँ, जसको भित्तोमा नाम मात्रैले उज्यालो अर्थ होइन भित्र मुटुमा पनि अखण्ड दीप बालिरहोस् ।

## मीरा राणालाई 'प्रेमध्वज प्रधान राष्ट्रिय संगीत सम्मान-२०८२' दिइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** वरिष्ठ गायिका मीरा राणालाई 'प्रेमध्वज प्रधान राष्ट्रिय सङ्गीत सम्मान - २०८२' प्रदान गरिने भएको छ । गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानले उनको जन्मजयन्तीको अवसर पारी प्रत्येक दुई वर्षमा प्रदान गर्दै आएको 'स्रष्टा सम्मान तथा पुरस्कार प्रदान' पुरस्कार सार्वजनिक गरेको छ । जसमा गायिका राणालाई यो सम्मान दिइने उल्लेख गरिएको छ ।

प्रतिष्ठानका संस्थापक अध्यक्ष तथा गायक प्रधानकी धर्मपत्नी श्रीमती किरण प्रधानको अध्यक्षतामा बसेको प्रतिष्ठानको बैठकले 'प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यसङगीत सम्मान - २०८२' वरिष्ठ वाद्य सङ्गीत निर्देशक मोहनकृष्ण कार्की ढली, 'प्रेमध्वज प्रधान राष्ट्रिय युवा सङ्गीत पुरस्कार-२०८२' प्रतिभाशाली गायक सुरज कुमार थापालाई र 'प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा सङ्गीत पुरस्कार-२०८२' प्रतिभावान् गायक चन्द्र सिं घलेलाई दिने निर्णय गरेको छ ।

'प्रेमध्वज प्रधान राष्ट्रिय सङ्गीत सम्मान - २०८२' नगद एक लाख धनराशि रहेको छ भने अन्य तीन सम्मानमा ५० हजार नगद रहेको छ । सम्मान तथा पुरस्कार आगामी २७ गते मङ्लबार बाँडिने प्रतिष्ठानले जनाएको छ । पुरस्कार कार्यक्रम स्व. प्रधानकै जन्मथलो सिन्धुपालचोकको चौतारामा गरिने प्रतिष्ठानका कोषाध्यक्ष भुवन मास्केद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## शनिबार गजलमय बन्दै पोखरा

**काठमाडौं (प्रस)–** प्राकृतिक सौन्दर्यको नगरी पोखरा गजलमय बन्दै छ । पोखराकै स्रष्टा देवेन्द्र केसी 'देवु'का गजलहरूमा विश्व कीर्तिमानी संगीतकार एवं गायक सन्तोष श्रेष्ठले संगीत र स्वर दिएर एकल प्रस्तुति गर्ने भएका हुन् ।

गजलकार एवं गजल अभियन्ता घनेन्द्र ओझासँग 'नेपाली शास्त्रीय गजल गायनको स्वर्ण दशक (२०८०-२०९०) घोषणा गरेका श्रेष्ठले पोखरामा हुने यो प्रत्यक्ष गायन यही अभियानको एउटा पाटो रहेको बताए । 'हामी यो अभियानलाई देशभर लैजाने तयारीमा छौं । यसकै निरन्तरता हो यो कार्यक्रम', संगीतकार एवं गायनक श्रेष्ठले भने, 'हामीले शास्त्रीय गजल गायन अभियानलाई सातै प्रदेशमा गर्दै छौं, यो गण्डकी प्रदेशस्तरीय हुने छ ।'

गजलकार देवेन्द्र ले आफू कविता, मुक्तक, गीत र गजलमा बढी पोखिन सक्ने भन्दै पछिल्लो समय गजलले आकर्षित गरेको र शास्त्रीय गजल गायनको अभियानमा संलग्न भएको बताए । उनले भने, 'गजल भन्नु नै गेय विधा रहेछ । लेखिएका गजलहरू गायनमा ल्याउँदाको स्वाद र स्तर फरक हुने रहेछ । म आफू पनि एउटा अभियन्ता भएकाले आफ्नै नगरीमा गजल गायन गर्ने तयारी गरेको हुँ ।'

रंगशाला

बजेट २०८२/०८३

# खेलकुदमा इतिहासकै बढी बजेट



**१०औं राष्ट्रिय खेलकुद, त्रिवि क्रिकेट मैदान, दमकमा अधुनिक रंगशाला निर्माण, हाइ अल्टिच्यूड स्पोर्टस रंगशाला निर्माण, गौतम बुद्ध अन्तर्राष्ट्रिय रंगशालालगायतका खेलपूर्वाधार मुख्य प्राथमिकता**

■ प्रभाव संवाददाता

**काठमाडौं –** सरकारले खेलकुद क्षेत्रका लागि अहिलेसम्मकै बढी बजेट विनियोजन गरेको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटमा खेलकुद मन्त्रालयका लागि रु ६ अर्ब आठ करोड रकम विनियोजन गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा रु तीन अर्ब ५० करोड बजेट विनियोजन गरिएको थियो । यसपटक रु दुई अर्ब ५६ करोड वृद्धि गरिएको हो ।

सरकारले कर्णाली प्रदेशमा आयोजना गरिने १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि रु ५४ करोड विनियोजन गरेको छ । काठमाडौंको मुलपानी क्रिकेट रंगशाला, मोरङको गिरिजाप्रसाद कोइराला रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला र रूपन्देहीको सिद्धार्थ रंगशाला निर्माणका लागि रु ४२ करोड रकम विनियोजन गरेको छ ।

यस्तै कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको स्तरोन्नतिका लागि सरकारले रु ४० करोड रकम विनियोजन गरेको छ । झापाको दमकमा सवै प्रकारका खेल प्रतियोगिता सञ्चालन गर्न सकिने आधुनिकस्तरको अन्तरराष्ट्रियस्तरको रंगशाला निर्माण गर्ने बजेटमा उल्लेख गरिएको छ ।

चितवनस्थित गौतमबुद्ध क्रिकेट रंगशालाको सिर्जित सम्पति खरिद गर्न सशर्त अनुदानको व्यवस्था गरेको छ । अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता नेपाली खेलाडीलाई प्रोत्साहन गरिने र उनीहरूका सन्ततिका लागि शैक्षिक छात्रवृद्धि प्रदान गरिने बजेटमा उल्लेख छ । खेल विधाको विविधीकरण र खेल पर्यटनको प्रवर्द्धन गर्न सरकारले सोलुखुम्बु, मुस्ताङ र जुम्लामा हाई अल्टिच्यूड स्पोर्ट्स स्टेडियम बनाउने बजेट मार्फत घोषणा गरेको छ ।

त्यसैगरी सरकारले राष्ट्रिय एन्टी डोपिङ एजेन्सी सञ्चलान गर्न आवश्यक बजेट विनियोजन गरेको छ भने खेलकुदमा महिला सहभागितालाई बढाउन प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गरिने भएको छ । त्यस्तै उत्कृष्ट महिला खेलाडीलाई विशेष पुरस्कारको व्यवस्था गरिने बजेटमा उल्लेख छ ।

## पदक विजेता खेलाडीलाई पुरस्कार

**काठमाडौं (प्रस)–** सरकारले विभिन्न खेलका ८१ वटा अन्तरराष्ट्रियस्तरको प्रतियोगितामा पदक प्राप्त गर्ने ५६ खेलाडी तथा प्रशिक्षकलाई रु दुई करोड २२ लाख ७७ हजार पुरस्कार उपलब्ध गराएको छ ।

राष्ट्रियसभाको बैठकमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पेस गरेको आर्थिक सर्वेक्षणमा उक्त रकम उपलब्ध गराएको उल्लेख गरिएको छ ।

आर्थिक सर्वेक्षणमा चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रियस्तरका ४९ र अन्तरराष्ट्रियस्तरका १३ गरी ६२ प्रतियोगिता आयोजना गरिएको उल्लेख छ ।

त्यसैगरी, ७६ अन्तरराष्ट्रियस्तरका प्रतियोगितामा नेपालले भाग लिएको थियो । गत आर्थिक वर्षमा राष्ट्रियस्तरका ७० तथा अन्तरराष्ट्रियस्तरका ३५ खेलकुद प्रतियोगिता आयोजना भएका थिए । प्रत्येक प्रदेशमा एक/एक रंगशाला निर्माण गर्ने कार्यक्रमअनुरूप धनगढी, सुर्खेत, नेपालगञ्ज र इटहरीमा खेलमैदान निर्माण सम्पन्न भएको आर्थिक सर्वेक्षणमा जनाइएको छ ।

एएफसी यु-२३ एसियन कप छनोट

# नेपाल समूह 'के' मा




**काठमाडौं (प्रस)–** एएफसी यु-२३ एसियन कप छनोटमा नेपाल समूह 'के' मा परेको छ ।

एसियन फुटबल महासंघ (एएफसी) ले बिहीबार सार्वजनिक गरको 'ड्र' अनुसार नेपालको समूहमा ताजकिस्तान, सिरिया र फिलिसिन्सको टिम रहेका छन् । यो समूहको खेल ताजकिस्तानमा हुनेछ ।

छनोट प्रतियोगितामा ४४ टोली सहभागी रहने छन् । यी टोलीलाई ११ समूहमा विभाजन गरिएको छ। छनोट चरणका खेल सेप्टेम्बर १ देखि ९ सम्म सञ्चालन हुनेछन् ।

प्रत्येक समूहका विजेता र चार उत्कृष्ट उपविजेता टोलीले अर्को वर्ष साउदी अरेबियामा हुने प्रतियोगितामा स्थान बनाउने छन् । आयोजक राष्ट्र साउदी अरेबिया भने सीधै छनोट भइसकेको छ ।

## मारवाडी लिगको उपाधि वीरगञ्ज बासर्सलाई




**वीरगञ्ज (प्रस)–** वीरगञ्जमा सञ्चालित मारवाडी प्रिमियर लिग क्रिकेटको उपाधि वीरगञ्ज बार्शसले जितेको छ ।

आर्दशनगर रंगशालामा बुधबार राति भएको फाइनल खेलमा वीरगञ्ज बासर्सले टाइटन ११ लाई ६ विकेटले हराउँदै उपाधि हात पारेको हो । सुरुआती ब्याटिङ गरेको टाइटन ११ ले ४ विकेटको क्षतिमा १५ ओभरमा ७५ रनको योगफल तयार पारेको थियो । जवाफी ब्याटिङमा उत्रिएको वीरगञ्जले ७ दशमलव ३ ओभरमा चार विकेट गुमाएर ७८ रनको योगफल तयार पार्दै उपाधि जितेको हो । विजेता टोलीलाई रु दुई लाख ५१ हजार र प्रमाणपत्र तथा उपविजेता टाइटन ११ लाई पनि नगद रु दुई लाख पुरस्कार र प्रमाणपत्र पाएको हो । उपाधि विजेता तथा उपविजेतालाई वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह, पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पुरस्कार प्रदान गरेका थिए ।

खेलमा 'प्लेयर अफ द सिरिज'को उपाधि वीरगञ्ज बासर्सका सर्वनाथ भए । उत्कृष्ट 'ब्याट्सम्यान' टाइटन ११ का गौतम अग्रवाल भए ।



गाजा सहरको पश्चिममा रहेको अल-शाती शरणार्थी शिविरस्थित खाद्य वितरण केन्द्रमा निःशुल्क खाना लिँदै प्यालेस्टिनी नागरिक । *तस्बिर: सिन्हवा*

# श्रीलंकाका पूर्वमन्त्रीलाई भ्रष्टाचारको आरोपमा २५ वर्षको जेल सजाय



**कोलम्बो–** श्रीलंकाको एक अदालतले बिहीबार अपदस्थ राष्ट्रपति गोटाबाया राजपाक्षेको सरकारका दुई पूर्वमन्त्रीलाई ऐतिहासिक भ्रष्टाचारको मुद्दामा दशकौंको जेल सजाय सुनाएको छ ।

पूर्वखेलकुदमन्त्री महिन्दानन्द अलुथगामगे र पूर्वव्यापारमन्त्री अनिल फर्नान्डोलाई कोलम्बो उच्च अदालतले राज्यको कोषको पाँच करोड ३० लाख रूपैयाँ (एक लाख ७७ हजार डलर) दुरूपयोग गरेको अभियोगमा दोषी ठहर गरेको छ ।

गोटाबायाका जेठा दाइ महिन्दा राजपाक्षेको सन् २०१५ को पुनःनिर्वाचनको असफल प्रयासलाई बढावा दिने प्रयासमा १४ हजार क्यारम बोर्ड र ११ हजार ड्राफ्ट सेटसहित बोर्ड गेम दान गर्न सरकारी पैसा प्रयोग गरेकामा ती जोडीलाई दुई हजार डलर जरिवाना पनि गरिएको छ। अलुथगामागेलाई २० वर्षको जेल सजाय सुनाइएको छ। फर्नान्डोलाई २५ वर्षको सजाय सुनाइएको छ ।

अलुथगामागे अहिले भ्रष्टाचारको आरोपमा सफलतापूर्वक मुद्दा चलाइएको राजपाक्षे नेतृत्वको मन्त्रीमण्डलका सबैभन्दा वरिष्ठ सदस्य रहेका छन् । राजपाक्षे दाजुभाइहरू सत्ताबाट बाहिरिएपछि छ वर्षअघि दुवै जनाविरुद्धको मुद्दा सुरु भएको थियो, तर गत वर्ष नयाँ सरकार गठन नभएसम्म यो मुद्दा सुस्त गतिमा अघि बढिरहेको थियो ।

अलुथगामागेले सन् २०२२ मा एक चिनियाँ आपूर्तिकर्तालाई ६० लाख नौ हजार डलरको भुक्तानी गर्न अनुमति दिएको आरोपको छुट्टै अनुसन्धानको पनि सामना गर्नुपरेको छ। सन् २०२० मा उनले श्रीलंकाको राष्ट्रिय क्रिकेट टोलीलाई सन् २०११ को विश्वकप फाइनलमा भारतको पक्षमा धाँधली गरेको आरोप लगाएपछि अनुसन्धान सुरु भयो । यो अन्ततः उनको दाबीलाई प्रमाणित गर्न असफल भयो ।

सन् २०१० देखि २०१५ सम्म खेलकुदमन्त्रीका रूपमा काम गरेका अलुथगामागेले सन् २०२० जुनमा आफूले त्यस समयमा कथित म्याच फिक्सिङको षड्यन्त्र 'खुलासा गर्न नचाहेको' बताएका थिए । 'सन् २०११ मा हामीले जित्नुपर्ने थियो, तर हामीले खेल बेचेका थियौं । मलाई लाग्छ म अहिले यसको बारेमा कुरा गर्न सक्छु । म खेलाडीहरूलाई समावेश गरिरहेको छैन, तर केही वर्गहरू संलग्न थिए,' उनले भने ।

मुम्बईको वानखेडे स्टेडियममा भएको फाइनलमा श्रीलंका छ विकेटले पराजित भएको थियो । भारतीय र श्रीलंकाका दुवै खेलाडीले कुनै पनि गलत काम गरेको कुरा अस्वीकार गरेका छन् । *रासस⁄एएफपी*

# विद्यार्थी भिसा रद्द गर्ने अमेरिकी निर्णय 'अनुचित' : चीन




**बेइजिङ–** बेइजिङले चिनियाँ विद्यार्थीहरूको भिसा 'अनुचित रूपमा' रद्द गर्ने अमेरिकी निर्णयको आलोचना गर्दै बिहीबार विदेशमन्त्री मार्को रुबियोको घोषणापछि वासिङ्टनमा विरोध जनाएको बताएको छ ।

'अमेरिकाले विचारधारा र राष्ट्रिय अधिकारको बहानामा चिनियाँ विद्यार्थीहरूको भिसा अनुचितरूपमा रद्द गरेको छ,' विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भने, 'चीनले यसको कडा विरोध गर्दछ र अमेरिकासँग प्रतिनिधित्व दर्ता गरेको छ ।'

राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले एक दिनअघि चिनियाँ विद्यार्थीहरूको भिसा रद्द गर्ने वाचा गरेको थियो। चिनियाँ विद्यार्थीहरू अमेरिकी विश्वविद्यालयहरूका लागि राजस्वको सबैभन्दा ठूलो स्रोत हो ।

'संयुक्त राज्य अमेरिकाले चिनियाँ कम्युनिस्ट पार्टीसँग सम्बन्ध भएका वा महत्त्वपूर्ण क्षेत्रहरूमा अध्ययन गर्नेहरूसहित चिनियाँ विद्यार्थीहरूका लागि भिसा आक्रामकरूपमा रद्द गर्ने छ,' रुबियोले भने, 'हामी जनवादी गणतन्त्र चीन र हङकङबाट भविष्यका सबै भिसा आवेदनहरूको छानबिन बढाउन भिसा मापदण्ड पनि संशोधन गर्ने छौं ।'

युवा चिनियाँहरू लामो समयदेखि अमेरिकी विश्वविद्यालयहरूका लागि महत्त्वपूर्ण छन् । विश्वविद्यालयहरू पूर्ण टच्युसन तिर्ने अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा निर्भर छन् । चीनको विदेश मन्त्रालयले यस कदममा प्रतिक्रिया दिँदै माओले 'चिनियाँ विद्यार्थीहरूको वैध अधिकार र चासोलाई गम्भीर क्षति पुर्‍याएको र दुई देशबीचको सामान्य सांस्कृतिक आदानप्रदानमा बाधा पुर्‍याएको' बताए ।

'अमेरिकाको यो राजनीतिक र भेदभावपूर्ण अभ्यासले अमेरिकाले सधैं प्रचार गर्दै आएको तथाकथित स्वतन्त्रता र खुलापनको झूटो पर्दाफास गरेको छ र अमेरिकाको आफ्नै अन्तर्राष्ट्रिय छवि, राष्ट्रिय छवि र राष्ट्रिय विश्वसनीयतालाई थप हानि पुर्‍याएको छ,' उनले भने । *रासस⁄एएफपी*

# अमेरिकी व्यापार अदालतले भन्सार शुल्कमा रोक लगायो, ट्रम्पलाई ठूलो धक्का






**वासिङ्टन–** अमेरिकी संघीय अदालतले बुधबार डोनाल्ड ट्रम्पको व्यापक आयात भन्सार शुल्कहरूलाई प्रभावमा आउनबाट रोकेको छ । राष्ट्रपतिले विश्वव्यापी भन्सार शुल्कका साथ आफ्नो अधिकार नाघेको फैसला गर्दै अदालतले उक्त कदम रोकेको हो ।

कडा नयाँ भन्सार शुल्कहरूमार्फत सरकारहरूलाई वार्ताको टेबलमा ल्याएर संसारसँग अमेरिकी व्यापारिक सम्बन्धलाई पुनः आकार दिने प्रयास गरिरहेका राष्ट्रपति ट्रम्पका लागि यो राय महत्त्वपूर्ण धक्का हो ।

ट्रम्पको विश्वव्यापी व्यापार युद्धले वित्तीय बजार हरूलाई हल्लाएको छ, जसले अमेरिकालाई बेच्नेभन्दा कम किन्ने अर्थतन्त्रहरूलाई दण्डित गर्ने उद्देश्यले भन्सार शुल्कहरूको रोक-सुरु कार्यान्वयन गरेको छ। ट्रम्पले परिणामस्वरूप व्यापार घाटा र लागुऔषधको आप्रवाहले उत्पन्न खतराले व्यापक भन्सार शुल्कहरूलाई उचित ठहराउने 'राष्ट्रिय आपत्काल' निर्माण गरेको तर्क गरे ।

तर तीन न्यायाधीशको अन्तर्राष्ट्रिय व्यापार अदालतले जनवरीमा पदभार ग्रहण गरेदेखि राष्ट्रपतिले घोषणा गरेका अधिकांश प्रतिबन्धहरूलाई छोडेर प्रभावकारीरूपमा युद्धविरामको आह्वान गरेको छ । ह्वाइट हाउसले उक्त फैसलाको आलोचना गर्दै 'अनिर्वाचित न्यायाधीशहरूलाई' ट्रम्पको मुद्दालाई सम्हाल्ने तरिकामा तौल गर्ने कुनै अधिकार छैन भनी तर्क गरेको छ ।

'राष्ट्रपति ट्रम्पले अमेरिकालाई पहिलो स्थानमा राख्ने वाचा गर्नुभएको थियो र प्रशासन यस संकटलाई सम्बोधन गर्न र अमेरिकी महानतालाई पुनःस्थापित गर्न कार्यकारी शक्तिको हरेक प्रयोग गर्न प्रतिबद्ध छ,' ट्रम्पका प्रवक्ता कुश देसाईले भने ।

ट्रम्प प्रशासनका वकिलहरूले बुधबारको फैसलाविरुद्ध अपिल गर्न तुरुन्तै आवेदन दिए । ट्रम्पका सबैभन्दा नजिकका ह्वाइट हाउस सहयोगीहरूमध्ये एक स्टिफन मिलर कम कूटनीतिक थिए किनभने उनले सामाजिक सञ्जालमा 'न्यायिक कू' को निन्दा गरे जुन उनले 'नियन्त्रण बाहिर' भएको बताए ।

ट्रम्पले अप्रिल २ मा अधिकांश व्यापारिक साझेदारहरूमा व्यापक आयात भन्सार शुल्कहरू घोषणा गरे । यसमा आधारभूत १० प्रतिशतमा, साथै चीन र युरोपेली संघ (इयू) सहित दर्जनौं अर्थतन्त्रहरूमा बढी भन्सार शुल्क रहेका छन् । यो फैसलाले क्यानाडा, मेक्सिको र चीनमा आपत्कालीन शक्तिको प्रयोग गरेर अलग्गै लगाएको भन्सार शुल्कलाई पनि खारेज गरेको छ ।

उनले ठूला भन्सार शुल्कहरूलाई ९० दिनका लागि रोकेपछि र व्यक्तिगत देशहरू र समूहहरूसँगको वार्ताको पर्खाइमा अन्य भन्सार शुल्कहरू स्थगित गरेपछि उथलपुथल केही शान्त भएको थियो । ट्रम्पको भन्सार शुल्कको खतरासँग सम्बन्धित 'अनिश्चितता' लाई उद्धृत गर्दै दक्षिण कोरियाको केन्द्रीय बैंकले बिहीबार आफ्नो बेञ्चमार्क ब्याजदर घटाएको छ र यसको वृद्धिको पूर्वानुमान कम गरेको छ ।

## असाधारण खतरा

राष्ट्रपतिले कांग्रेसको बजेट अधिकारको उल्लंघन गरेको तर्क गर्दै संघीय व्यापार अदालतले व्यवसायहरू र राज्य सरकार हरूको गठबन्धनले ल्याएका दुई अलग-अलग मामिलामा फैसला गरिरहेको थियो ।

'अदालतको सामु रहेका दुई मुद्दामा मुख्य प्रश्न यो छ कि सन् १९७७ को अन्तर्राष्ट्रिय आपत्कालीन आर्थिक शक्ति ऐन (आइइइपिए) ले राष्ट्रपतिलाई संसारका लगभग सबै देशबाट आउने सामानहरूमा असीमित भन्सार लगाउने अधिकारका रूपमा यी शक्तिहरू प्रत्यायोजन गर्छ कि गर्दैन,' तीन न्यायाधीशको प्यानलले हस्ताक्षर नगरिएको रायमा लेखेको छ, 'अदालतले यस्तो असीमित अधिकार प्रदान गर्न आइइइपिए पढ्दैन र त्यसअन्तर्गत लगाइएका चुनौती भन्सार शुल्कहरूलाई खारेज गर्दछ ।'

व्यापार विवादबाट उत्पन्न देवानी मुद्दाहरूको फैसला गर्ने अदालतले अदालतको कागजातअनुसार आइइइपिएको कुनै पनि व्याख्या 'असीमित भन्सार प्राधिकरणलाई प्रतिनिधित्व गर्ने' असंवैधानिक हो भनेको छ । आइइपिएले राष्ट्रपतिलाई आपत्कालीन समयमा 'असामान्य र असाधारण खतरासँग लड्न' आवश्यक आर्थिक प्रतिबन्धहरू लगाउन अधिकार दिएको बेञ्चले जनाएको छ । फैसलाले ह्वाइट हाउसलाई कर रोक्ने ब्युरोक्रेटिक प्रक्रिया पूरा गर्न १० दिनको समय दिएको छ ।

सदनको विदेश मामिला समितिका शीर्ष डेमोक्रेट ग्रेगरी डब्ल्यु मिक्सले फैसलाले 'यी भन्सार शुल्कहरू कार्यकारी शक्तिको अवैध दुरूपयोग हो' भनेर पुष्टि गरेको बताए । 'आफ्नो विश्वव्यापी व्यापार युद्धलाई औचित्य प्रमाणित गर्न ट्रम्पको नक्कली राष्ट्रिय आपत्कालको घोषणा आइइइपिएको अर्थहीन र गैरकानूनी प्रयोग थियो,' उनले भने । *रासस⁄एएफपी*

## अमेरिकाद्वारा मोडर्नासँगको ५९ करोड डलरको सम्झौता रद्द

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले एभियन फ्लू खोप विकास गर्न मोडर्नासँगको ५९ करोड डलरको सम्झौता बुधबार रद्द गरेको अमेरिकी बायोटेक कम्पनीले जनाएको छ । यसले खोपको बारेमा गलत सूचना प्रवर्द्धन गर्न दशकौं बिताएका स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरको खोपहरूविरुद्धको पछिल्लो कदमलाई चिह्नित गरेको छ ।

ट्रम्पले पदभार ग्रहण गर्नुभन्दा तीन दिनअघि जनवरी १७ मा घोषणा गरिएको सम्झौता चरा र गाईवस्तुमा सर्ने एच५एन१ इन्फ्लुएञ्जा स्ट्रेनलाई लक्षित गर्ने एमआरएनए खोपका लागि थियो । विज्ञहरूले यो भाइरस मानिसमा फैलिन सक्ने र महामारी निम्त्याउन सक्ने चेतावनी दिएका छन् । अमेरिकी फर्मास्युटिकल र बायोटेक्नोलोजी कम्पनी मोडर्नाले सुरक्षा र प्रतिरक्षा प्रतिक्रिया परीक्षण गर्न डिजाइन गरिएको ३०० व्यक्तिको प्रारम्भिक चरणको क्लिनिकल परीक्षणबाट सकारात्मक परिणामहरू घोषणा गरेपछि समाचारको खुलासा गरेको थियो ।

'एचएचएसबाट कोषको समाप्तिले अनिश्चितता थप्दछ, हामी हाम्रो एच५ एभियन फ्लु खोपको चरण एक⁄दुई अध्ययनको यस अन्तरिम विश्लेषणमा अवलोकन गरिएको बलियो प्रतिरक्षा प्रतिक्रिया र सुरक्षा प्रोफाइलबाट खुसी छौं र हामी कार्यक्रमका लागि वैकल्पिक मार्गहरू अन्वेषण गर्नेछौं,' सिइओ स्टेफन बानसेलले एक विज्ञप्तिमा भने, 'महामारी इन्फ्लुएञ्जामा यी क्लिनिकल डेटाले एमआरएनए प्रविधिले उदाउँदो स्वास्थ्य खतराहरूको प्रतिकारका रूपमा खेलेको महत्त्वपूर्ण भूमिकालाई जोड दिन्छ ।'

विज्ञप्तिमा मोडर्नाले खोपको विकास र निर्माण कोषका लागि 'विकल्पहरू खोज्ने' बताइएको छ । पूर्वराष्ट्रपति जो बाइडेनको कोभिड-१९ प्रतिक्रिया संयोजकका रूपमा काम गरेका जनस्वास्थ्य विज्ञ डा. आशिष झाले निराश प्रतिक्रिया दिए । 'एमआरएनए खोपहरूमा भएको आक्रमण अर्थहीन छ,' उनले एक्समा पोस्ट गरे, 'यो राष्ट्रपति ट्रम्पको अपरेसन वार्प स्पिड थियो जसले हामीलाई एमआरएनए खोप दियो ।' *रासस⁄एएफपी*

## सुडानको राजधानीमा हैजाको प्रकोप, दुई दिनमा ७० जनाको मृत्यु

**पोर्ट सुडान (सुडान)–** सुडानको राजधानीमा हैजाको प्रकोपले दुई दिनमा ७० जनाको ज्यान लिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । खार्तुमले आधारभूत सेवाहरूको पतनका बीच द्रुत गतिमा फैलिएको महामारीसँग लडिरहेको छ ।

खार्तुम राज्यको स्वास्थ्य मन्त्रालयले मंगलबार एक हजार १७७ संक्रमित र ४५ जनाको मृत्यु भएपछि बुधबार ९४२ नयाँ संक्रमण र २५ जनाको मृत्यु भएको जनाएको छ ।

अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) ले राजधानीभरि पानी र बिजुली आपूर्ति बन्द गरेको आरोप लगाएको ड्रोन आक्रमणको केही हप्तापछि संक्रमणमा वृद्धि भएको हो। सेना समर्थित सरकारले गत हप्ता आरएसएफ लडाकुहरूलाई अर्धसैनिक बलहरूबाट राजधानीको मुटु पुनः प्राप्त गरेको दुई महिनापछि खार्तुम राज्यमा उनीहरूको अन्तिम स्थानहरूबाट विस्थापित गरेको घोषणा गरेको थियो ।

ग्रेटर खार्तुम अघिल्लो दुई वर्षको धेरैजसो समयमा युद्धक्षेत्र बनेको थियो भने आवास र पूर्वाधारमा व्यापक क्षति भएको थियो । हैजाको प्रकोपले पहिले नै अभिभूत स्वास्थ्य सेवा प्रणालीमा थप दबाब बढाएको छ । संघीय स्वास्थ्य मन्त्रालयले मंगलबारसम्मको हप्तामा १७२ जनाको मृत्यु भएको जनाएको छ । तीमध्ये ९० प्रतिशत खार्तुम राज्यमा भएको थिए ।

अधिकारीहरूका अनुसार आइसोलेसन सेन्टरमा रहेका ८९ प्रतिशत बिरामी निको भइरहेका छन् । तर उनीहरूले वातावरणीय अवस्था बिग्रँदै गएकाले संक्रमितको संख्यामा वृद्धि भइरहेको चेतावनी दिएका छन् ।

अर्धसैनिक बल र नियमित सेनाबीचको युद्धले दशौं हजार मानिसको ज्यान लिएको छ र एक करोड ३० लाखलाई विस्थापित गरेको छ । यसलाई संयुक्त राष्ट्रसंघले विश्वको सबैभन्दा खराब मानवीय संकटका रूपमा वर्णन गरेको छ । द्वन्द्वका मुख्य युद्धक्षेत्रहरूमा ९० प्रतिशतसम्म अस्पतालहरू लडाइँका कारण सेवाबाट बाहिर हुन बाध्य भएका छन् । *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १८७८०० | प्रति तोला – ० | प्रति तोला – १९९५



बजेटः २०८२/८३

# करमा के भयो हेरफेर ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले बिहीबार आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट सार्वजनिक गर्दै विभिन्न शीर्षकका दरसम्बन्धी विद्यमान व्यवस्थामा हेरफेर गरेको छ। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा बजेट वक्तव्य प्रस्तुत गर्दै विभिन्न शीर्षकका राजस्वका दरसम्बन्धी व्यवस्थामा संशोधन गरिएको बताए।

नयाँ व्यवस्थाअनुसार सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टले विशेष उद्योग सरह आयकर र विद्युत महसुल छुट पाउने भएका छन्। त्यस्तै, सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने व्यवस्था ल्याइएको छ। नेपालमै बसी विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने व्यवस्था पनि सरकारले ल्याएको छ। बजेट वक्तव्यअनुसार रू १० करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था ल्याइएको छ।

त्यस्तै, काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी पैठारी गर्दा एक प्रतिशत मात्र भन्सार महशुल लाग्नेछ। यस शीर्षकका अन्य सबै कर तथा महसुल खारेज गरिएको छन्।

प्रांगारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेसिनरी तथा उपकरण पैठारी गर्दा लाग्ने भन्सार महशुल हटाईएको छ भने यसमा लाग्ने अन्य सबै खालका कर तथा महसुल खारेज गरिएको छ।

फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रंगशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको पैठारीमा एक प्रतिशत भन्सार महशुल लगाई अन्य कर तथा महशुल खारेज गरिएका छन्।

अर्थमन्त्री पौडेलका अनुसार ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगको लागि पैठारी हुने मेशिनरी उपकरणमा सबै किसिमका कर महसुल नलाग्ने व्यवस्था गरिएको छ। ग्रीन हाइड्रोजन उत्पादकलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था मिलाइएको छ।

सौर्य तथा वायु ऊर्जाबाट विद्युत् सञ्चय गर्न आवश्यक पर्ने ब्याट्री तथा अन्य यन्त्र उपकरणको पैठारीमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरिएको छ।

विद्युतीय सवारी साधनको चार्जिङ मेसिन उत्पादन तथा एसेम्बलिङ गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण पैठारीमा पनि एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था सरकारले गरेको छ। साथै, यस्ता उद्योगलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था मिलाइएको छ। त्यस्तै, डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न समाशोधनगृहको सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरिएको छ। खाद्यान्न, गेडागुडी, फलफूलगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरिएको छ।

श्रवण शक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर खारेज गरिएको छ। हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने र सोभन्दा बढी भन्सार विन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गर्ने नीति सरकारले लिएको छ।

राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्बुलेन्समा विद्यमान रू १६ लाखको मूल्य सीमा हटाइएको छ।

विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरी वातावरण प्रदुषण न्यूनीकरण गर्न र विद्युतको आन्तरिक खपत बढाउन भन्दै सरकारले त्यस्ता सवारी साधनमा लगाइएको सबै प्रकारका कर तथा महसुल यथावत राखेको छ।

बीस वर्षभन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारी साधनहरूको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम दुई वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था सरकारले ल्याएको छ।

सडक, सिँचाइ र जलविद्युत् आयोजनामा सुरूङ प्रविधिको प्रयोग प्रवर्द्धन गर्न निजी क्षेत्रले टनेल बोरिङ मेसिन पैठारी गर्दा एक प्रतिशत भन्सार शूल्क लाग्नेछ। त्यस्तै, ढुवानी सेवा प्रदायक व्यवसायीले प्राकृतिक व्यक्तिको ढुवानीका साधन भाडा वापत अग्रीम कर कट्टी गरी भुक्तानी गरेकोमा सो भाडा बापतको रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था सरकारले ल्याएको छ।

मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको विवरण बुझाउन वा कर दाखिल गर्न नसकेका व्यक्तिलाई विवरण र कर बुझाएमा ब्याज, थप दस्तुर, विलम्ब शुल्क र जरिवानामा सहुलियत दिइएको छ।

त्यस्तै, अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक कम्पनी र सोका हवाई टिकटको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाउन बाँकी कर रकम बुझाएमा ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुने व्यवस्था सरकारले गरेको छ।

आय विवरण पेस नगरेका करदातालाई कार्यालयबाट गरिएको संशोधित कर निर्धारणबाट सिर्जित बक्यौता फरफारक गर्ने मौका दिइने पनि अर्थमन्त्री पौडेलले बताए। मदिरा, वियर, सूर्ति र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि भएको छ भने विद्यमान अन्तःशुल्क दरमा पनि वृद्धि भएको छ। स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको छ।

- स्टार्टअप उद्यमीलाई ३ प्रतिशत ब्याजमा ऋण
- महिलाको नाममा उद्योग दर्ता निःशुल्क
- साफालाई १०० विद्युतीय बस
- त्रिभुवन विमानस्थललाई 'बुटिक विमानस्थल' बनाइने, सिमराको काम अगाडि बढाइने
- कृषि तथा पशुपंक्षी विकासमा ५७ अर्ब ४७ करोड विनियोजन
- २ वर्षभित्र चामलमा आत्मनिर्भर
- भ्याट वृद्धिदर १.९९ प्रतिशत रहने अनुमान
- किसानलाई रासायनिक मलका लागि २८ अर्ब
- सहकारी ठगको सम्पत्ति र राहदानी रोक्का
- वियर, चुरोट र रक्सीको मूल्य बढ्ने
- ईभीको भन्सार दर यथावत्
- टेलिकमको ३० प्रतिशत शेयर सर्वसाधारणलाई

## निजी क्षेत्रबाट बजेटलाई स्वागत



**काठमाडौं (प्रस)–** निजी क्षेत्रले सरकारद्वारा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बक्तव्यमा समेटिएका विषयवस्तुलाई स्वागत गरेको छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेटमा महासंघले दिएका धेरै सुझाव समेटिएको बताए। उनले भने, 'निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ढंगबाट बजेट आएको छ, महासंघले लगानी प्रवर्द्धन, खनिज निकासीका सम्बन्धमा दिएका सुझावका धेरै बुँदा समावेश भएका छन्, लगानी बोर्डलाई शक्तिशाली बनाउन खोजिएको छ।'

नेपाल चेम्बर्स अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले आफ्नो संस्थाले दिएका सुझाव बजेटमा समेटिएको प्रतिक्रिया दिए। उनले भने, 'यो बजेटलाई महत्वकांक्षी रूपमै लिएको छु। निजी क्षेत्रले दिएका धेरै सुझाव र माग बजेटमा परेका छन्। अहिलेको विषयम परिस्थितिमा स्रोत बाँडफाँट प्रणाली राम्रो छ। राजस्व संकलनको प्रक्षेपण पनि ठिकैछ।'

नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरलले मुलुकको अर्थतन्त्रको दवावकाबीचमा ल्याइएको बजेटमा निजी क्षेत्रका राय, सुझाव र परामर्शलाई अनुसरण गरिएको प्रतिक्रिया दिए। उनले भने, 'निजी क्षेत्रलाई उत्साह दिन खोजिएको पाइएको छ, सरसर्ती हेर्दा बजेट सकारात्मक दिशातर्फ उन्मुख छ। उद्यमशीलतालाई जोड दिन खोजिएको छ।'

चेम्बरका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले निजी क्षेत्रले उठाएका धेरै कुरा समेटिएको र राम्रो बजेट आएको बताए। 'नेपालीलाई विदेशमा लगानी गर्न पाउने बाटो खुलेको छ, हामीले यसलाई बारम्बार उठाउँदै आएका थियौँ', उनले भने। चेम्बरका पूर्वअध्यक्ष राजेन्द्र मल्लले बजेटले राजस्व संकलनमा कठिन देखिएको भए पनि समग्रमा आइटी क्षेत्रलाई समेटिएर आएको बजेट राम्रो रहेको प्रतिक्रिया दिए।

डिप्रेसनका लक्षण

मानसिक रूपमा:
- उदास, निराश वा एक्लोपन महसुस गर्नु,
- कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
- आत्मबल घट्नु वा आत्माग्लानि हुनु वा दोषी महसुस हुनु,
- निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

शारीरिक र व्यवहारिक लक्षणहरू:
- निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
- भोक नलाग्नु वा अत्याधिक भोक लाग्नु,
- तौलमा परिवर्तन आउनु,
- सामान्य काममा थकान महसुस हुनु,
- पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महसुस हुनु,
- सामाजिक गतिविधिमा चासो नहुनु,

यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक संस्थानः २८ नाफामा, १५ घाटामा

■ प्रभाव संवाददाता

**काठमाडौं –** सरकारले बिहीबार सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२' प्रतिवेदनअनुसार सञ्चालनमा रहेका ४५ वटा सार्वजनिक संस्थानमध्ये २८ नाफामा, १५ घाटामा र दुई वटा बन्द अवस्थामा रहेका छन्। प्रतिवेदनअनुसार सार्वजनिक संस्थानमा सरकारको ठूलो लगानी देखिएपनि त्यसको प्रतिफल र राज्यले पाउने लाभ निरन्तर कमजोर हुँदै गएको देखिएको हो।

'आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक र बाह्य कारणले सार्वजनिक संस्थानको समग्र कार्यसम्पादनमा असर पर्न गएको छ। आर्थिक वर्ष २०७९/८० मा संस्थानको कुल सञ्चालन आय रू छ खर्ब ६१ अर्ब ६३ करोड ३८ लाख रहेकामा आव २०८०/८१ मा शून्य दशमलव २२ प्रतिशतले कमी भई रू छ खर्ब ६० अर्ब १५ करोड ४६ लाखमा सीमित भएको छ', समीक्षा प्रतिवेदनमा भनिएको छ।

आव २०७९/८० को सार्वजनिक संस्थानको समग्र खुद नाफा रू ४८ अर्ब ९२ करोड २ ९ लाख को तुलनामा आव २०८०/८१ मा १२ दशमलव ८८ प्रतिशतले कमी भई रू ४२ अर्ब ६२ करोड १६ लाख कायम भएको छ। यसरी नाफा घट्नुमा तुलानात्मक रूपले कारोबार र नाफा अङ्क उच्च रहेका नेपाल आयल निगम लिमिटेड र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नाफामा आएको गिरावटले भूमिका खेलेको देखिन्छ।

'आव २०७९/८० मा रू ११ अर्ब ७२ करोड ३० लाख खुद नाफामा रहेको नेपाल आयल निगम लिमिटेड आव २०८०/८१ मा रू नौ अर्ब ५५ करोड ४७ लाख नाफामा छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा रू दुई अर्ब १६ करोड ८३ लाख कमी हो,' प्रतिवेदनमा भनिएको छ।

त्यसैगरी, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आव २०७९/८० को खुद नाफा रू सात अर्ब ९२ करोड दुई लाखको तुलनामा आव २०८०/८१ मा रू छ अर्ब २३ करोड एक लाखमा सीमित हुन पुगेको छ।

सार्वजनिक संस्थानको आव २०८०/८१ सम्मको कुल सञ्चित नाफा रू ९२ अर्ब ७२ करोड ३६ लाख पुगेको छ। जुन अघिल्लो आर्थिक वर्ष २०७९/८० को रू ६५ अर्ब ७४ करोड ८२ लाखको तुलनामा ४१ दशमलव शून्य तीन प्रतिशतले बढी हो।

संस्थानको प्रतिवेदनअनुसार जनकपुर चुरोट कारखाना लिमिटेड बन्द भएपनि भवन तथा जग्गा भाडाबापत प्राप्त रकमबाट आय भएको देखिन्छ। त्यस्तै, नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडले आफ्नो उद्देश्यअनुसारको कार्यबाट भन्दा ब्याजबापत बढी रकम आर्जन गरेको देखिएको छ।

घाटामा रहेका संस्थानमध्ये नेपाल ओरियण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड र बुटवल धागो कारखाना लिमिटेड बन्द छन् भने धौबादी फलाम कम्पनी लिमिटेडले व्यवसायिक कारोबार सुरू गरेको छैन। व्यावसायिक कारोबार नभए पनि यी संस्थानको नियमित प्रशासनिक खर्च भइरहेकाले नोक्सानमा रहेको देखिएको हो।

आव २०८०/८१ मा नाफामा सञ्चालित संस्थानको खुद नाफा अघिल्लो वर्षको तुलनामा ११ दशमलव ५० प्रतिशतले घटेको छ भने नोक्सानमा सञ्चालित संस्थानको खुद नोक्सान अघिल्लो वर्षको तुलनामा आठ दशमलव ६५ प्रतिशतले वृद्धि भएको देखिन्छ। सार्वजनिक संस्थानको कुल सञ्चालन खर्च अघिल्लो समीक्षा अवधिको तुलनामा तीन दशमलव शून्य छ प्रतिशतले घटेकामा प्रशासकीय खर्च (कर्मचारी खर्चसहित) शून्य दशमलव ५५ प्रतिशतले बढेको छ।

आव २०८०/८१ मा कुल शेयर धनी कोष (नेटवर्थ) को रू १० खर्ब ३७ अर्ब ५८ करोड ४५ लाख पुगेको छ जुन आव २०७९/८० को रू नौ खर्ब ९० अर्ब ४० करोड ५२ लाखको तुलनामा चार दशमलव ७६ प्रतिशतले बढी हो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ